# माध्यमिक तहको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन

शोधार्थी
इन्दिरा घिमिरे
क्याम्पस क्रमाङ्क र शैक्षिक वर्ष- १३६ (२०७२/०७३)
त्रि.वि. दर्ता नं. ९-१-२१४-९१-२००६
दोस्रो वर्षको परीक्षा क्रमाङ्क (वर्ष) : २१८००१५ (२०७४)

नेपाली भाषा शिक्षा विषयमा स्नातकोत्तर उपाधिका निमित्त प्रस्तुत शोधपत्र

त्रिभुवन विश्वविद्यालय,
शिक्षाशास्त्र सङ्काय
जनता बहुमुखी क्याम्पस
नेपाली भाषा शिक्षा विभाग
इटहरी, सुनसरी
२०७८/२०२२

१४

# माध्यमिक तहको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन


शोधार्थी

इन्दिरा घिमिरे

क्याम्पस क्रमाङ्क र शैक्षिक वर्ष- १३६ (२०७२/०७३)

त्रि.वि. दर्ता नं. ९-१-२१४-९१-२००६

दोस्रो वर्षको परीक्षा क्रमाङ्क (वर्ष) ः २१८००१५ (२०७४)


नेपाली भाषा शिक्षा विषयमा स्नातकोत्तर उपाधिका निमित्त प्रस्तुत शोधपत्र


त्रिभुवन विश्वविद्यालय,

शिक्षाशास्त्र सङ्काय

जनता बहुमुखी क्याम्पस

नेपाली भाषा शिक्षा विभाग

इटहरी, सुनसरी


२०७८/२०२२

| | |
|---|---|
| शोधपत्र बुझाएको मिति | भाइभा मिति |
| वि.सं. : २०७८/ / | वि.सं. २०७८/ / |
| ई.सं. ,२०२२ | ई.सं. ,२०२२ |

## स्वयम् घोषणा

म शोधार्थी इन्दिरा घिमिरे यो घोषणा गर्दछु- प्रस्तुत शोधपत्र मेरो मौलिक अनुसन्धान हो । शोधपत्रको कुनै अंशसमेत मैले कहीँ कतैबाट हुबहु नक्कल गरेको होइन । आवश्यकताअनुसार सन्दर्भ र स्रोत खुलाई पूर्वकार्यको प्रयोग गरेकी छु । कहीँ कतैबाट हुबहु नक्कल गरेको प्रमाणित भए त्यसबाट आउने सबैखाले परिणामहरूको सामना गर्ने प्रतिबद्धता व्यक्त गर्दछु । यस सम्बन्धमा पछि कहीँ, कतै र कुनै किसिमको उजुरबाजुर गर्ने छैन ।

शोधार्थी

दस्तखत-

नाम- इन्दिरा घिमिरे

# जनता बहुमुखी क्याम्पस

**इटहरी, सुनसरी**

**स्थापना : २०४५**

फोन नं. : ०२५-५८००६४
५८१३००

**(त्रिभुवन विश्वविद्यालय र उ.मा.वि.परिषद्बाट सम्बन्धन प्राप्त)**

**विज्ञान, व्यवस्थापन, मानविकी तथा शिक्षाशास्त्र संकाय**


**प.सं. :**

**च.नं.:**

**मिति** : २०७८/....../...

## शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय जनता बहुमुखी क्याम्पस नेपाली भाषा शिक्षा विभागअन्तर्गत एम.एड. दोस्रो वर्षका शोधार्थी इन्दिरा घिमिरेले नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत **माध्यमिक तहको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नु भएको हो । प्रस्तुत शोधपत्र सम्बन्धित तहका निमित्त उपयुक्त भएकाले आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति- २०७८/..../...

...................

मदनराज बराल

(शोध निर्देशक)

# जनता बहुमुखी क्याम्पस
**इटहरी, सुनसरी**

**स्थापना : २०४५**

फोन नं. : ०२५-५८००६४
५८१३००

**(त्रिभुवन विश्वविद्यालय र उ.मा.वि.परिषद्‌बाट सम्बन्धन प्राप्त)**

**विज्ञान, व्यवस्थापन, मानविकी तथा शिक्षाशास्त्र संकाय**


**प.सं. :**

**च.नं.:**

**मिति** : २०७८/...../...

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरीको नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षका शोधार्थी इन्दिरा घिमिरेले नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ विभागमा प्रस्तुत गर्नुभएको **माध्यमिक तहको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन** शीर्षकको शोधपत्रलाई नेपाली भाषा शिक्षा विषयमा स्नातकोत्तर उपाधिका निम्ति स्वीकृति प्रदान गरिएको छ ।

## शोधपत्र मूल्याङ्कन समिति

| **नाम र थर** | **हस्ताक्षर** |
|---|---|
| १. मदनराज बराल | .................... |
| (विभागीय प्रमुख) | |
| २. उप.प्रा.मीनप्रसाद अधिकारी | ...................... |
| (बाह्य परीक्षक) | |
| धनकुटा बहुमुखी क्याम्पस, धनकुटा | |
| ३. नवीनकुमार शर्मा | .................... |
| शोध निर्देशक | |

मिति :

वि.सं. :

इ.सं. :

SD :

VD:

# कृतज्ञताज्ञापन

**माध्यमिक तहको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको हो । प्रस्तुत शोधपत्र कक्षा ११ र १२ का नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा प्रयुक्त तत्सम शब्दको वर्ग, व्युत्पति, अर्थ र आवृत्तिका आधारमा विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधपत्र मैले आदरणीय गुरू श्री मदनराज बराल (विभागीय प्रमुख) ज्यूको निर्देशनमा तयार पारेकी हुँ । आफ्नो व्यस्तताका बावजुत समय निकालेर आवश्यक सल्लाह र सुझाव दिई प्रस्तुत शोधपत्रलाई मूर्त रूपमा तयार पार्न सहयोग गर्नुहुने उहाँप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । त्यसैगरी विषयगत ज्ञान दिई सहयोग गर्नुहुने आदरणीय गुरू प्रा.डा. टङ्कप्रसाद न्यौपानेज्यूलाई हार्दिक कृतज्ञताज्ञापन गर्न चाहन्छु । यसका साथै शोधपत्र तयार गर्न शीर्षक चयनदेखि लिएर अन्य कार्यमा सहयोग पुर्‍याउनुहुने आदरणीय गुरुहरू श्री तीर्थराज भट्टराई र श्री नवीनकुमार शर्माज्यूहरुप्रति म हार्दिक कृतज्ञताज्ञापन गर्न चाहन्छु । त्यसैगरी यस क्याम्पसका क्याम्पस प्रमुख, क्याम्पस प्रशासन र सम्बन्धित शीर्षकमा अध्ययन अनुसन्धान गरिएको शोधपत्र स्वीकृति प्रदान गर्नुहुने शोधपत्र मूल्याङ्कन समितिप्रति पनि हार्दिक कृतज्ञताज्ञापन गर्न चाहन्छु ।

प्रस्तुत शोधपत्र तयार पार्दा विभिन्न क्षेत्रबाट अमूल्य सहयोग गर्नुहुने सहपाठी साथीहरू संगिता मल्ल ठकुरी र मनिता भगत तथा सम्पूर्ण सहपाठी साथीहरूप्रति कृतज्ञताज्ञापन गर्न चाहन्छु । यस शोधपत्रलाई समयमा नै टङ्कण/मुद्रण गरी सहयोग पु-याउनुहुने मेरा जीवनसारथी बाबुराम न्यौपानेज्यू र छोरा क्लासिक न्यौपानेप्रति कृतज्ञताज्ञापन गर्न चाहन्छु ।

अन्तमा, प्रस्तुत अध्ययन कार्यमा प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग पुर्‍याउनु हुने सम्पूर्ण महानुभावहरूलाई हृदयदेखिनै हार्दिक धन्यवाद दिन चाहन्छु ।

शोधार्थी

दस्तखत-

नाम- इन्दिरा घिमिरे

## शोधसार

**शोधशीर्षक** : माध्यमिक तहको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन

**समस्याकथन** : यस शोधकार्यमा कक्षा ११ र १२ का नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा प्रयुक्त तत्सम शब्दको विश्लेषणमा निम्नबमोजिमका समस्यालाई मुख्य रूपमा प्रस्तुत गरिएको छ :

क) कक्षा ११ र १२ का नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा प्रयुक्त तत्सम शब्द के कति रहेका छन् ?

ख) तत्सम शब्दहरूको शब्दवर्ग के कस्ता छन् ?

ग) तत्सम शब्दहरूको बनोट प्रक्रिया के कस्ता छन् ? र

घ) आवृत्ति भएका तत्सम शब्दहरू के कति छन् ?

**अनुसन्धानका उद्देश्यः** प्रस्तुत शोधकार्य निम्नलिखित उद्देश्य प्राप्तिमा केन्द्रित रहेको छ :-

क) कक्षा ११ र १२ का नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा प्रयुक्त तत्सम शब्द पहिचान गर्न वा पत्ता लगाउन,

ख) ती शब्दहरूको शब्दवर्ग पत्ता लगाउन,

ग) शब्दहरूको बनोट प्रक्रिया पत्ता लगाउन र

घ) शब्दहरूको आवृत्ति पत्ता लगाउन ।

**अध्ययनविधि र प्रक्रिया** : प्रस्तुत शोधकार्यको सामग्रीको सङ्कलनको प्रमुख आधार पुस्तकालयीयकार्य अपनाईएको छ । शोधपत्रमा प्रयुक्त तथ्य र तथ्याङ्कलाई व्याख्या र विश्लेषणात्मक विधिद्वारा शाब्दिक रूपमा प्रस्तुत गरिएको छ ।

**शोधप्रक्रिया** : प्रस्तुत शोधकार्यलाई पाँच अध्यायमा विभाजन गरिएको छ । अध्याय एकमा परिचयअन्तर्गत पृष्ठभूमि, समस्याकथन, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य र महत्व र अध्ययनको परिसीमा उल्लेख गरिएको छ । अध्याय दुईमा पूर्वकार्यको समीक्षा तथा धारणात्कम संरचना अन्तर्गत पूर्वकार्यको समीक्षा, सैद्धान्तिक/धारणात्मक संरचना उल्लेख

गरिएको छ । अध्याय तीनमा अध्ययन विधिअन्तर्गत अध्ययनको ढाँचा, जनसङ्ख्या र नमुना, नमुना छनोट प्रक्रिया, तथ्याङ्क सङ्कलनका साधनहरू- प्राथमिक स्रोत र द्वितीयक स्रोत, तथ्याङ्क सङ्कलनका प्रक्रिया, तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया उल्लेख गरिएको छ । अध्याय चारमा नतिजा/परिणाम र छलफलअन्तर्गत नतिजा/परिणाम- कक्षा ११ को नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा 'गाउँको माया' र 'त्यो फेरि फर्कला ?' साथै कक्षा १२ को नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा 'विरहिणी दमयन्ती', 'मातृत्व' र 'गोर्खे' कथामा प्रयोग भएका तत्सम शब्द खोजी गरी व्याख्या तथा विश्लेषण गरिएको छ । अध्याय पाँचमा निष्कर्ष, सुझाव तथा उपयोगिताअन्तर्गत निष्कर्ष, सुझाव र उपयोगिता- नीतिगततह, कार्यान्वयनतह, आगामी अनुसन्धानका लागि शीर्षक आदि उल्लेख गरिएको छ ।

प्रस्तुत शोधकार्यमा कक्षा ११ र १२ का नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा प्रयोग भएका तत्सम शब्दको खोजी गरी व्याख्या विश्लेषणबाट प्राप्त सारभूत कुरा बुँदागत रूपमा निम्नबमोजिम प्रस्तुत गरिन्छ -

- कक्षा ११ को नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट दुईवटा कथा र १२ को नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट तीनवटा कथा रहेका छन् । उक्त कथालाई अध्ययन गर्दा गाउँको माया कथामा ११९६ ओटा शब्द, त्यो फेरि फर्कला ? कथामा २३६४ ओटा शब्द, विरहिणी दमयन्ती कथामा २०३४ ओटा शब्द, मातृत्व कथामा २७७८ ओटा शब्द र गोर्खे कथामा १०१८ ओटा शब्द प्रयोग भएका छन् ।
- उक्त कथामा प्रयोग भएका शब्दहरूमध्ये गाउँको माया कथामा ४१ ओटा, त्यो फेरि फर्कला ? कथामा १६५ ओटा, विरहिणी दमयन्ती कथामा १३४ ओटा, मातृत्व कथामा १५२ ओटा र गोर्खे कथामा २६ ओटा तत्सम शब्द पहिचान गरी व्याख्या र विश्लेषण गरिएको छ ।
- उक्त कथा विधामा प्रयोग भएका शब्दहरूमध्ये तत्सम शब्द न्युनमात्रामा प्रयोग भएको पाइन्छ । प्रयोग भएका तत्सम शब्दमध्ये त्यो फेरि फर्कला ? कथामा बढी र गोर्खे कथामा न्युन पाइन्छ ।
- शब्दको बनोट व्युत्पादनका आधारमा मूल शब्द र व्युत्पन्न शब्द गरी छुट्याईएको छ ।

- तत्सम शब्दको व्युत्पति हुने शब्दलाई व्युत्पादन गरिएको छ र व्युत्पति नहुने मूल शब्दलाई जस्ताको तस्तै राखिएको छ ।
- तत्सम शब्दको वर्ग अन्तर्गत नाम, विशेषण र अव्यय (क्रियायोगी, नामयोगी र निपात) का आधारमा छुट्याईएको छ ।
- तत्सम शब्दको अर्थ र तात्पर्यलाई प्रष्ट पारिएको छ ।
- उक्त कथा विधाभित्रका तत्सम शब्द कुन पाठका हुन र कति पृष्ठका हुन भनेर पाठगत रूपमा पृष्ठ छुट्याएर राखिएको छ ।
- तत्सम शब्दको आवृत्ति छुट्याईएको छ ।
- तत्सम शब्दको वर्ग, व्युत्पति र आवृत्तिका आधारमा विश्लेषण गरिएको छ ।
- उक्त कथामा प्रयोग भएका ५१८ ओटा तत्सम शब्दको विश्लेषणबाट नाम वर्गमा ३३४ ओटा (६४.४८%), विशेषण १६३ (३१.४७%), क्रियायोगी १३ (२.५१%), नामयोगी ३ (०.५८%) र निपात ५ (०.९६%) रहेको छ ।
- उक्त कथामा आवृत्ति हुने तत्सम शब्दहरूमा गाउँको माया कथामा ६ ओटा आवृत्ति शब्दमध्ये सबैभन्दा बढी 'स्वर' शब्द ४ पटक आवृत्ति भएको, त्यो फेरि फर्कला ? कथामा ५० ओटा आवृत्ति शब्दमध्ये सबैभन्दा बढी 'यात्री' शब्द २० पटक आवृत्ति भएको, विरहिणी दमयन्ती कथामा ३४ ओटा आवृत्ति शब्दमध्ये सबैभन्दा बढी 'नारी' शब्द १२ पटक आवृत्ति भएको, मातृत्व कथामा ३७ ओटा आवृत्ति शब्दमध्ये सबैभन्दा बढी 'माया' शब्द ३१ पटक आवृत्ति भएको र गोर्खे कथामा ५ ओटा आवृत्ति शब्दमध्ये सबैभन्दा बढी 'सङ्केत' शब्द ४ पटक आवृत्ति भएको पाईएको छ ।
- कक्षा ११ र १२ का नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा प्रयोग भएका तत्सम शब्दको पदवर्ग भित्र नाम शब्द सबैभन्दा बढी र त्यसपछि विशेषण प्रयोग भएको र अन्य शब्द न्युनमात्रामा प्रयोग भएको पाईएको छ ।

# विषय सूची

विषयवस्तु- पृष्ठसङ्ख्या

**अध्याय एक- परिचय**

१.१ पृष्ठभूमि १

१.२ समस्याकथन ४

१.३ अध्ययनका उद्देश्य ६

१.४ अध्ययनको औचित्य र महत्व ७

१.५ अध्ययनको परिसीमा ७

**अध्याय दुई- पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना**

२.१ पूर्वकार्यको समीक्षा ८

२.२ सैद्धान्तिक/धारणात्मक संरचना १६

**अध्याय तीन -अध्ययन विधि**

३.१ अध्ययनको ढाँचा १७

३.२ जनसङ्ख्या र नमुना १७

३.३ नमुना छनोट प्रक्रिया १७

३.४ तथ्याङ्क सङ्कलनका साधनहरू १८

३.४.१ प्राथमिक स्रोत १८

३.४.२ द्वितीयक स्रोत १८

३.५ तथ्याङ्क सङ्कलनका प्रक्रिया १८

३.६तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया १९

**अध्याय चार -नतिजा/परिणाम र छलफल**

४.१ नतिजा/परिणाम २०

४.१.१ कक्षा ११ को नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट 'गाउँको माया' कथामा प्रयोग भएका तत्सम शब्द २०

४.१.२ कक्षा ११ को नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट ‘त्यो फेरि फर्कला ?’ कथामा प्रयोग भएका तत्सम शब्द २४
४.१.३ कक्षा १२ को नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट ‘विरहिणी दमयन्ती’ कथामा प्रयोग भएका तत्सम शब्द ४२
४.१.४ कक्षा १२ को नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट ‘मातृत्व’ कथामा प्रयोग भएका तत्सम शब्द ५७
४.१.५ कक्षा १२ को नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट ‘गोर्खे’ कथामा प्रयोग भएका तत्सम शब्द ७१

**अध्याय पाँच - निष्कर्ष ,सुझाव तथा उपयोगिता**

५.१ निष्कर्ष ७५
५.२ सुझाव ७६
५.३ उपयोगिता ७७
५.३.१ नीतिगत तह ७८
५.३.२ कार्यान्वयन तह ७८
५.३.३ आगामी अनुसन्धानका लागि शीर्षक ७९
सन्दर्भसूची
परिशिष्ट

## सङ्क्षिप्त रूपको सूची

| | |
|---|---|
| तत्स. | -तत्सम |
| उदा. | -उदाहरण |
| ई.सं. | -ईस्वी सम्वत् |
| शि. | -शिक्षा शास्त्र |
| त्रि.वि. | -त्रिभुवन विश्वविद्यालय |
| वि.प्र. | -विभागीय प्रमुख |
| वि.स. | -विक्रम सम्वत् |
| प्रा.लि. | -प्राइभेट लिमिटेड |
| प्रा. | -प्राध्यापक |
| पृ. | -पृष्ठसङ्ख्या |
| पु. | -पुलिङ्ग |
| व्या. | -व्याकरण |
| नेपाशि. | -नेपाली शिक्षा शास्त्र सङ्काय |
| नेपा. | -नेपाली |
| डा. | -डाक्टर |
| सं. | -संस्कृत |
| स. | -सदस्य |
| ना. | -नाम |
| वि. | -विशेषण |

## चिह्न सूची

| | |
|---|---|
| ; | अर्धविराम |
| : | सापेक्ष |
| / | विभाजन |
| () | गौण सङ्केत |
| । | पूर्णविराम |
| , | अल्पविराम |
| - | योजन |

## अध्याय एक

## शोध परिचय

### १.१ पृष्ठभूमि

अनुसन्धानका क्रममा गरिने विषय शीर्षकलाई सम्बन्धित पक्षसँग अन्तर्सम्बन्धित गराउने काम पृष्ठभूमिले गर्दछ । प्रस्तुत शोधपत्रको शीर्षक **'माध्यमिक तहको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन'** रहेको छ । भाषा,शब्द, कथा र तत्सम शब्दको परिभाषित गर्ने क्रममा विभिन्न पुस्तकमा विभिन्न विद्वाहरूले प्रष्ट पारेको पाइन्छ । यसैक्रममा केही पुस्तकमा भएका मतहरू यहाँ संकलन गरी शोधकार्यमा जोड्ने प्रयास गरिएको छ ।

परापूर्व कालदेखि नै पूर्व तथा पश्चिममा भाषा सम्बन्धी अध्ययनहरू हुँदै आएका छन् । प्राचीन समयमा भाषिक अध्ययन परम्परालाई भाषा शास्त्रको नामले चिनिएको थियो भने हाल भाषा विज्ञानको नामले चिनिन्छ । प्राचीन कालदेखि नै भाषाको अध्ययन हुँदै आए पनि भाषा के हो ? भन्ने विषय अझ पनि निष्कर्षमा पुग्न नसकेको गम्भीर समस्याको रूपमा रहेको छ । यही प्रश्नको उत्तर खोज्ने क्रममा भाषा वैज्ञानिकहरूले भाषालाई परिभाषित गर्ने र अर्थ्याउने कार्यहरू गरे । यस क्रममा कसैले भाषाको व्यापक अर्थ लगाए भने कसैले साँगुरो घेराभित्र राखेर परिभाषित गरे । भाषा शब्दको निर्माण संस्कृतको 'भाष्' धातुमा 'आ' प्रत्यय लागेर बनेको हो । यसको अर्थ बोल्नु/भन्नु हुन्छ । शाब्दिक अर्थ जस्तै भाषा बोल्नु/भन्नु मात्र होइन । यससँगै भाषामा बुझाइको पनि महत्व रहन्छ । भाषा शब्दको अर्थ यस्तो भए पनि वास्तवमै भाषा यो भन्दा धेरै व्यापक र धेरै साँगुरो छ (गैरे, २०६९: पृ. १३) ।

कुनै पनि भाषाका सबै शब्दहरूले एउटै वा एकैप्रकारको काम गर्दैनन् । कुनै शब्दले वस्तु, व्यक्ति, स्थान, पदार्थ, भाव आदिलाई चिनाउँछ, कुनैले अन्य शब्दको कार्य गरिदिन्छन् । त्यसैगरी कुनैले व्यक्ति वस्तु आदिको विशेषतालाई बुझाउँछन्, कुनैले कार्य विशेषलाई, केही शब्दले अन्य शब्दलाई सहयोग गर्छन्, कुनैले अकस्मात उत्पन्न हुने भावलाई चिनाउँछन्, कुनैले पद पदावली आदिलाई जोड्छन् र कुनैले अर्थमा विशिष्ठता ल्याउँछन् । यसरी शब्दहरूले फरक-

फरक काम गर्छन् । शब्दले गर्ने कामको आधारमा गरिने विभाजनलाई शब्दको कार्यमूलक विभाजन भनिन्छ । शब्दका कार्यमूलक मुख्य नौ ओटा वर्ग छन्- नाम, सर्वनाम, विशेषण, क्रिया, नामयोगी, क्रियायोगी, विस्मयादिबोधक, संयोजक, निपात (गैरे, २०६९: पृ. ९५) ।

शब्द- ⁄सब्द⁄ (तत्स) ना.१. एक वा एकभन्दा बढी अक्षर मिलेर बनेको भाषिक एकाइ, पद (व्या.) । (उदा. नाम शब्द, विशेषण शब्द) २. अर्थपूर्ण कथन, बोली, लबज । ऊ मसँग एक शब्द पनि बोलेन । ३. कुनै वस्तु, कार्य, गतिविधि आदि हुँदा निस्कने अस्पष्ट वा स्पष्ट आबाज, ध्वनी । परतिरबाट कोलाहलको शब्द सुनियो । रूख ढल्दाको शब्दले चराहरू उडे (अधिकारी र भट्टराई, २०७४: पृ. १३४०) ।

शब्द- (सं., पु.) आवाज, ध्वनी, सबद, कुनै अर्थ लाग्ने ध्वनि, सार्थक पद, लबज, वाक्संयोजन, गीत, वाक्य (शर्म्मा 'नेपाल', २०५८: पृ. १२३८) ।

**कथ्** धातुबाट बनेको **कथा** शब्दको अर्थ कुनै कुरा भन्नु भन्ने हुन्छ । पूर्वीय परम्परामा प्राचीन समयदेखि नै कथा भन्ने वा सुनाउने प्रचलन पाइन्छ । कथामा समाजका विविध पक्षको चित्रण हुने भएकाले यसलाई मनोरञ्जन, उपदेश तथा अन्य प्रयोजनका लागि प्रयोग गरेको पाइन्छ । लोकपरम्पराबाट सुरु भएको कथासाहित्य कालान्तरमा कल्पित र यथार्थ विषयवस्तुमा आधारित भई विस्तारित भएपछि यसले साहित्यको एक प्रमुख विधाका रूपमा आफ्नो स्थान सुरक्षित गरेको छ । पाश्चात्य साहित्यमा कथालाई आख्यानअन्तर्गत राखेको पाइन्छ । यसमा समाजका कुनै पनि चरित्रको जीवनका मार्मिक प्रसङ्गको प्रस्तुति हुन्छ । वर्तमान समयमा यस विधाले पूर्वीय तथा पाश्चात्य दुवै साहित्यमा महत्वपूर्ण स्थान ओगटेकाले कथाविधा सर्वाधिक लोकप्रिय बनेको छ । पूर्वीय साहित्यमा लोकपरम्पराका रूपमा विकसित भएको भए पनि कथाको साहित्यिक रूप पाश्चात्य साहित्यबाटै विकसित भएको हो (ज्ञवाली, भट्टराई र आचार्य, २०६७ :पृ. १) ।

खास वस्तु, व्यक्ति, जाति, समूह एवम् धारणालाई बुझाउने एक वा एक भन्दा बढी भाषिक रूपहरूको मेलबाट बनेको अर्थयुक्त एकाइलाई शब्द भनिन्छ । आगो, पानी, घर, रोग, स्वच्छ, जा, खा जस्ता शब्दहरू एउटै रूपबाट बनेकाले सरल शब्द हुन् । अगेनो (आगो +एनो),

पन्यालो (पानी+आलो), घरेलु (घर+एलु), गयो (जा+यो), खाइस् (खा+इस्), दशदान् (दस+दान) शब्दहरू दुई वा दुईभन्दा बढी रूपहरूको मेलबाट बनेका जटिल  शब्द हुन् । सरल वा जटिल संरचनामा यी भाषिक रूपहरू अर्थपूर्ण र स्वतन्त्र रूपमा प्रयोग योग्य भएकाले शब्द हुन् । यसका विपरित पढ्, लेख्, घुम्, फिर् जस्ता धातुहरू सार्थक भए पनि स्वतन्त्र रूपमा प्रयोग हुन सक्दैनन् । तसर्थ ती शब्द होइनन् । त्यस्तै प्र, परा, सम् जस्ता उपसर्ग र एनो, आलो, एलु, ई, ता, यो, इस् जस्ता प्रत्ययहरु स्वतन्त्र रूपमा प्रयोग हुन नसक्ने र अर्थपूर्ण पनि नभएकाले तिनलाई शब्द मान्न सकिँदैन । यसरी रूपभन्दा ठूलो पदावलीभन्दा सानो स्वतन्त्र रूपमा प्रयोग गर्न सकिने, एउटै डिकामा लेखिने सार्थक भाषिक एकाइलाई शब्दका रूपमा लिन सकिन्छ । भाषिक स्रोतका आधारमा शब्दहरू मौलिक र आगन्तुक गरी दुई किसिमका छन् । संस्कृतबाट नेपालीमा आएका तत्सम र तद्भव शब्दलाई मौलिक भनिन्छ । बनोटका आधारमा शब्दहरूलाई रूपायन र व्युत्पादन गरी विभाजन गरिन्छ । लिङ्ग, वचन, पुरूष र आदरका आधारमा रूप चल्ने शब्दलाई विकारी र रूप नचल्ने शब्दलाई अविकारी भनिन्छ । नाम, सर्वनाम, विशेषण र क्रियापद विकारी शब्द हुन् भने अव्यय वर्गका शब्द (क्रियायोगी, नामयोगी, विस्मयादिबोधक, संयोजक र निपात) अविकारी वर्गभित्र पर्दछन् । आधार तत्व (धातु, प्रातिपदिक) मा उपसर्ग, परसर्ग लागेर वा समास, द्वित्व आदि भएर बनेका शब्द  व्युत्पन्न हुन भने आधार तत्वमा कुनैपनि आधेय तत्व नलागी निर्माण भएका शब्द अव्युत्पन्न हुन् । संरचनाका आधारमा अव्युत्पन्न (मूल) शब्द अविभाजित र व्युत्पन्न प्रकृति र प्रत्ययका आधारमा विभाजित हुन्छन् । कार्यका आधारमा शब्दहरूलाई नामिक वर्ग, क्रिया वर्ग र अव्यय वर्ग गरी विभाजन गरिन्छ ( ढकाल, र अन्य, २०७४: पृ. ४०) ।

तत्सम-/तत्सम्/(तत्स.) (तत्+सम) वि.१. त्यो समान वा त्यो जस्तो, पहिले जस्तो थियो त्यस्तो, तत्समान (उदा. तत्सम स्थिति) । ना. २. संस्कृतबाट नेपालीमा स्वरूप नफेरिई प्रयोग भएका शब्द (उदा. रक्षा, पूर्व, ऋषि, कृति, विशेष, शिशु आदि (अधिकारी र भट्टराई, २०७४: पृ.६१७) ।

संस्कृत भाषाबाट जस्ताको तस्तै रूप नफेरिई आउने शब्दलाई तत्सम (तत् समान) शब्द भनिन्छ, जस्तैः कार्य, ग्राम, उज्ज्वल, छात्र, क्षेत्र, पति, पंक्षी, निद्रा, मस्तिष्क, मूर्ति, ललाट,

युवती, पुत्र, सन्ध्या, सौभाग्य, वार्ता, बिन्दु, सुख, दुःख, शान्ति, शिक्षक, विद्यार्थी, विद्यालय, बीज, स्तम्भ, शृङ्गार, हर्ष आदि (भट्टराई र ढुङ्गेल, २०७४: पृ. १४७) ।

तत्सम- (सं., वि.) जस्ताको तस्तो, त्यो जस्तो, त्यस्तो । (ना.) उही स्वरूपमा अन्य भाषाबाट चल्ती हुन आइपुगेको शब्द, सापटी शब्द(शर्मा नेपाल, २०५८: पृ. ५९८) ।

तत्सम शब्द - 'तत्' को अर्थ 'त्यो' अर्थात संस्कृत हो भने 'सम' को अर्थ 'बराबर' अर्थात उस्तै हो । संस्कृत भाषाबाट जस्ताको तस्तै (रूप नफेरिईकन) नेपालीमा आएका शब्दलाई तत्सम भनिन्छ । यस्ता शब्दको वर्ण विन्यास, अर्थ र प्रयोग संस्कृतकै नियम अनुसार गर्नुपर्छ । जस्तैः मित्र, पुत्र, ग्लानि, दया, माया, सुन्दर, दर्शन, पाठक, विद्युत, मधुर, महात्मा, आदि (ढकाल र अन्य, २०७४: पृ.४१) ।

यसरी संस्कृत भाषाबाट रूप परिवर्तन नभई सोझै नेपाली भाषामा प्रयोग भएका शब्दहरूलाई तत्सम शब्द भनिन्छ । यस सन्दर्भमा तत् शब्दको अर्थ त्यसका अर्थात संस्कृतका र सम शब्दको अर्थ समान हो भन्ने कुरा प्रष्ट हुन जान्छ ।

## १.२ समस्या कथन

प्राणीहरूमा मानिस सर्वश्रेष्ठ प्राणी हो । मानिसको स्नायु प्रणाली अन्य प्राणीहरूको तुलनामा विकसित भएकै कारणले मानिसले सोच्ने, सञ्चार र भाषाको प्रयोग गर्ने, तर्क गर्ने र आफ्ना अनुभव तथा धारणाहरूलाई सङ्ग्रह गर्ने र पुनःप्रयोग गर्ने जस्ता कार्यहरू गर्न सम्भव भएको हो । सृष्टिको आदिम कालदेखि नै मानिसले उच्चतम् रूपमा आफ्नो चेतनाको प्रयोग गर्दै आएको पाइन्छ । कुनै नयाँ कुराहरूप्रति उत्सुक हुने र त्यसको कारण पत्तालगाउने अभिरुची बढ्दै जाने क्रममा संसारका नयाँनयाँ रहस्यहरू उद्घाटित हुँदै गए । यसरी नयाँ र सत्य कुराको खोजी गर्ने क्रम सृष्टिको आदि कालदेखि नै सुरू भएको हो । मानिसले पृथ्वी, सूर्य, प्रकाश, वायु, ग्रह, उपग्रह सम्बन्धमा सृष्टिको सुरूवातदेखि नै विभिन्न जिज्ञासा राख्न सुरू ग-यो । किन ? कसरी ? कहाँ ? जस्ता प्रश्नहरूको उत्तर खोजी गर्ने क्रममा मनिसले धेरै नयाँ ज्ञान प्रतिपादन गर्न पुग्यो । यसरी ज्ञानको खोजी गर्ने क्रममा धेरै सत्यको खोजी भयो, धेरै आविष्कार हुन पुग्यो र मानिस हिजोभन्दा आज बढी जिज्ञासु र ज्ञानको भोको हुन पुग्यो ।

यसरी विभिन्न समस्यालाई नियोजित र आकस्मिक रूपमा समाधानगर्दै जाँदा धेरै जटिल कार्यहरू सरल हुँदै आएका छन् (खनाल, २०७६: पृ.१) ।

अस्तित्वमा रहेका संसारका सबै भाषाहरू आफैंमा पूर्ण हुँदैनन् । सबै भाषामा आ-आफ्नै किसिमका शब्दहरू हुन्छन् । त्यस्तै नेपाली भाषामा पनि आफ्नै किसिमका शब्द छन् । भाषिक सम्प्रेषणको लागि प्रयोग हुने शब्दहरूको राशीलाई शब्द भण्डार भनिन्छ । भाषाको विशाल शब्दभण्डारमा अर्थयुक्त शब्दहरूको ठूलो राशी हुन्छ । ती शब्द राशिमा आ-आफ्नै खाले शब्दसमूह हुन्छन् । यिनै शब्दसमूह वा शब्द राशिलाई शब्दढुकुटी वा शब्दभण्डार भनिन्छ । यसरी निर्माण हुने शब्दभण्डार आफैंमा पूर्ण हुँदैन । यसमा आफ्नै र विभिन्न स्रोतबाट आएका शब्दहरूको व्यापक क्षेत्र हुन्छ । नेपाली भाषाको जननी भाषा संस्कृत भाषा हो । तसर्थ यो भाषाको उत्पति वा विकास संस्कृत भाषाबाटै भएको हो । यसरी नेपाली भाषाको शब्दभण्डारमा संस्कृत भाषाबाट जस्ताको तस्तै रूप परिवर्तन नभई आएका तत्सम शब्द, संस्कृतबाट रूप परिवर्तन भएर आएका तद्भव शब्द र नेपाली भाषा भन्दा बाहेक स्वदेशी तथा विदेशी भाषाबाट आएका आगन्तुक शब्द गरी नेपाली भाषाको विशाल शब्दभण्डार निर्माण भएको छ । नेपाली भाषाको जननी भाषा संस्कृत हो र संस्कृत भाषाबाट नेपाली भाषामा केही शब्दहरू रूप नफेरिई जस्ताको तस्तै आएका छन् । त्यस्ता शब्दहरूलाई तत्सम शब्द भनिन्छ । जस्तैः पुत्र, आश्चर्य, किरण, अग्नि, मस्तिष्क, क्रान्ति, विभूति...(भट्टराइ 'विलिन' र अन्य, २०६३: पृ.१७५) ।

अनुसन्धानका लागि छनोट गरिने विषयवस्तु वा मुद्दालाई अनुसन्धान समस्याको रूपमा बुझ्नुपर्दछ (खनाल, २०७६: पृ.१७) ।

नेपाली भाषा पाठ्यपुस्तकमा धेरै प्रकारका शब्द प्रयोग भएको पाइन्छ । ती शब्दहरूका विभिन्न स्रोत रहेका छन् । नेपाली भाषा विभिन्न स्रोतका शब्दहरूको मिश्रणबाट पूर्ण भाषा बन्न सकेको छ । संसारमा अस्तित्वमा रहेका सबै भाषाहरू आफैंमा पूर्ण हुँदैनन् । सबै भाषामा आफ्नै किसिमका शब्दहरू हुन्छन् । त्यस्तै नेपाली भाषामा पनि आफ्नै किसिमका शब्दहरू रहेकाछन् । नेपाली भाषामा विभिन्न स्रोतबाट आएका शब्दहरूको व्यापक क्षेत्र रहेको छ । यिनै विभिन्न स्रोतबाट आएका शब्दहरूको प्रयोग गरी नेपाली साहित्य क्षेत्रमा कथा, कविता, निबन्ध, समालोचना आदि जस्ता साहित्यिक कृतिहरूको रचना भएको छ । नेपाली भाषाको

शब्दभण्डारको क्षेत्रमा आएका तत्सम, तद्भव र आगन्तुक शब्दमध्ये नेपाली भाषाको जननी भाषा मानिने संस्कृत भाषाबाट रूप नफेरिई आएका माध्यमिक तहको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा प्रयुक्त तत्सम शब्दको वर्ग, बनोट र आवृत्तिको अवस्था समस्याको कथनको रूपमा उठान गरेर यो शोधपत्र तयार पारिएको छ ।

यस शोधकार्यमा माध्यमिक तहको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययनमा निम्नबमोजिमका समस्यालाई मुख्य रूपमा प्रस्तुत गरिएकोछ-

क) कक्षा ११ र १२ का नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा प्रयुक्त तत्सम शब्द के कति रहेका छन् ?

ख) तत्सम शब्दहरूको शब्दवर्ग के कस्ता छन् ?

ग) तत्सम शब्दहरूको बनोट प्रक्रिया के कस्ता छन् ? र

घ) आवृत्ति भएका तत्सम शब्दहरू के कति छन् ?

## १.३ अध्ययनका उद्देश्य

प्रस्तुत शोधकार्य निम्नलिखित उद्देश्य प्राप्तिमा केन्द्रित रहेको छ :-

क) कक्षा ११ र १२ का नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा प्रयुक्त तत्सम शब्द पहिचान गर्न वा पत्ता लगाउन,

ख) ती शब्दहरूको शब्दवर्ग पत्ता लगाउन,

ग) शब्दहरूको बनोट प्रक्रिया पत्ता लगाउन र

घ) शब्दहरूको आवृत्ति पत्ता लगाउन ।

## १.४ अध्ययनको औचित्य र महत्व

यस शोधकार्यमा माध्यमिक तहको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा प्रयुक्त तत्सम शब्दको पहिचान गरी शब्दको वर्ग, व्युत्पति, आवृत्ति र अर्थ छुट्याउने कार्य गर्न यो शीर्षक छनोट गरियो । यसबाट अध्ययन अनुसन्धान गर्न चाहने सिकारू व्यक्ति, संघसंस्था लगायत तत्सम शब्द सम्बन्धी जानकार लिन चाहने जोसुकै सरोकावाला लाभान्वित हुनेछन् । यस शोधकार्यबाट तत्सम शब्दको वर्ग, व्युत्पति, अर्थ र आवृत्तिमा देखिएका अस्पष्टता जस्ता समस्याहरूको समाधान हुन सक्दछ । त्यो नै अध्ययनको औचित्य हो । अनुसन्धेय विषयको समुदाय, राष्ट्रिय वा अन्तर्राष्ट्रिय क्षेत्रमा तत्सम शब्दको वर्ग, व्युत्पति, अर्थ र आवृत्ति सम्बन्धी सरलीकरण गर्ने भएकोले यो शोधकार्य औचित्यपूर्ण छ ।

यो शोधकार्य शिक्षकका लागि कुशल शिक्षण गर्न, विद्यार्थीका लागि व्यावहारिक सिकाइ सिक्न, पाठ्यपुस्तक लेखक तथा सम्पादकका लागि पाठ्यपुस्तकमा शीर्षक तथा पाठकको स्तर अनुसार शब्द चयन गरी संयोजन र सङ्गठन गर्न, पाठ्यक्रमविद्का लागि पाठ्यक्रमलाई सरलीकृत बनाउन, अनुसन्धानकर्ताले गर्ने अनुसन्धानमा पूर्वकार्यको समीक्षाकालागि, समालोचकले समालोचनालाई प्रभावकारी बनाउन र नीति निर्माताका लागि नीति निर्माणमा सहयोगी बन्न सक्नेछ । यस शोधकार्यसँग सम्बन्धित पूर्वकार्यको समीक्षाबाट पाठ्यक्रम विकास केन्द्रबाट परिवर्तित पाठ्यक्रम २०७६ अनुसार माध्यमिक तहको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन नभएको हुँदा कथा विधामा प्रयुक्त तत्सम शब्दको खोजी गरी विश्लेषण गर्नु नै यस शोधकार्यको औचित्य रहेको छ । अतः यस अघि भएका शोधकार्यले परिवर्तित पाठ्यक्रम अनुसार समाविष्ट तत्सम शब्दको खोजी र विश्लेषण नभएको पुष्टि गर्दछ । यसबाट यो शोधकार्यको औचित्य र महत्त्व रहेको छ ।

## १.५ अध्ययनको परिसीमा

प्रस्तुत शोधपत्र माध्यमिक तहअन्तर्गत कक्षा ११ र १२ का नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा प्रयुक्त तत्सम शब्दको खोजी गरी शब्दको शब्दवर्ग, व्युत्पति, अर्थ र आवृत्तिको विश्लेषण गर्ने कार्यमा मात्र केन्द्रित रहेको छ ।

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना

## २.१ पूर्वकार्यको समीक्षा

कुनै नयाँ कार्यको सुरुआत गर्नुपूर्व सो कार्यसँग सम्बन्धित विगतमा भएका कार्यको अध्ययन गर्नु पर्दछ । विगतमा गरिएका अध्ययन अनुसन्धानले वर्तमान र आगामी दिनमा गरिने अध्ययनमा सघाउ पु-याउँछन् । विगतमा यस्ता अध्ययन कसरी गरिए, के कस्ता विधि अपनाएर गरिए, अध्ययनका क्रममा के-कस्ता समस्या देखा परे जस्ता कुराहरू पूर्वकार्यको अध्ययनबाट थाहा हुन्छ । तसर्थ कुनै पनि अध्ययन गर्ने क्रममा पूर्वकार्यको अध्ययनको लेखाजोखा गरी अध्ययनलाई निष्कर्षमा पु-याउने गरिन्छ । यसरी विभिन्न व्यक्तिले विभिन्न लेख तथा शीर्षकहरूमा अध्ययन अनुसन्धान गरेका छन् । विगतमा यस्ता अध्ययन कसरी गरिए, के कस्ता विधि अपनाएर गरिए, अध्ययन कार्य सफल बनाउन कस्ता समस्या देखा परे, साथै नवीनतम सिद्धान्त र विधिका बारेमा महत्वपूर्ण जानकारी गर्ने भएकाले स्तरीय अनुसन्धान कार्यका लागि पूर्वकार्यको समीक्षा गर्नु आवश्यक छ । प्रस्तुत शोधकार्यसँग सम्बन्धित अध्ययन निम्नबमोजिम छन् :

### पुस्तक समीक्षाः

पाठ्यक्रम विकास केन्द्र (२०७७) द्वारा प्रकाशित कक्षा ११ को **नेपाली भाषा** शीर्षकको पुस्तक लेखिएको छ । १८३ पृष्ठसङ्ख्या र बाह्र एकाइमा संरचित (विभाजित) उक्त पुस्तकको एकाइ एकमा वीर पुर्खा (कविता), दुईमा गाउँको माया (सामाजिक कथा), तीनमा संस्कृतिको नयाँ यात्रा (आत्मपरक निबन्ध), चारमा योगमाया (राष्ट्रिय जीवनी), पाँचमा साथीलाई चिठी (चिठी), छमा त्यो फेरि फर्कला ? (मनोवैज्ञानिक कथा), सातमा पर्यापर्यटनका सम्भावना र आयाम (वस्तुपरक निबन्ध), आठमा लौ आयो ताजा खबर (लघु नाटक), नौमा सफलताको कथा (रिपोर्ताजमूलक रचना), दशमा कृषिशालामा एक दिन (संवाद), एघारमा रारा भ्रमण (दैनिकी), बाह्रमा जलस्रोत र उर्जा (वक्तृता) रहेका छन् । यसको एकाइ दुईमा 'गाउँको माया' (सामाजिक कथा) पाठ्यपुस्तकको १२ पृष्ठमा चार पृष्ठलामो कथा (पृष्ठ १२-१५) र अभ्यास

खण्ड (पृष्ठ १६-२९) भएको सामाजिक यथार्थवादी कथाकार इस्मालीद्वारा लेखिएको छ । यस कथामा समाजमा हुने सामाजिक समस्यालाई चित्रण गरिएको छ । जन्मभूमिको प्रेमभाव झल्काउनु, आफ्नो गाउँलाई माया गर्नुपर्छ, पढेलेखेका युवाहरू गाउँमा बस्नुपर्छ भन्ने जस्ता समाजसुधारका भावना यस कथाको मूलभाव रहेको छ । एकाइ छमा 'त्यो फेरि फर्कला ?' ( मनोवैज्ञानिक कथा) पाठ्यपुस्तकको ७७ पृष्ठमा नौ पृष्ठलामो कथा (पृष्ठ ७७-८५) र अभ्यास खण्ड (पृष्ठ ८५-९६) भएको कथाकार भवानी भिक्षुद्वारा लेखिएको छ । यस कथामा सामाजिक संस्कार, मर्यादा र प्रतिष्ठाबाट ग्रसित मानवको चित्रण गरिएको छ । यी दुवै कथामा कथाकारको चिनारी र कठीन शब्दको शब्दार्थ स्तम्भ सूची उल्लेख हुन आवश्यक छ । यी दुवै कथामा तत्सम शब्दको प्रयोग भएको पाइन्छ । अतः यस शोधकार्यमा 'गाउँको माया' कथाबाट ४१ ओटा र 'त्यो फेरि फर्कला ?' कथाबाट १६५ ओटा तत्सम शब्दको खोजी गरी शब्दवर्ग, व्युत्पति, अर्थ र आवृत्तिको व्याख्या विश्लेषण गरिएको छ ।

पाठ्यक्रम विकास केन्द्र (२०७८) द्वारा प्रकाशित कक्षा १२ को **नेपाली भाषा** शीर्षकको पुस्तक लेखिएको छ । १८५ पृष्ठसङ्ख्या र बाह्र एकाइमा संरचित(विभाजित) उक्त पुस्तकको एकाइ एकमा आमाको सपना (कविता) दुईमा विरहिणी दमयन्ती (कथा), तीनमा घनघस्याको उकालो काट्ता (नियात्रा), चारमा व्यावसायिक पत्र (व्यावहारिक लेखन), पाँचमा एक चिहान ( उपन्यास), छमा स्टिफन विलियम हकिङ (जीवनी), सातमा हामीलाई बोलाउँछन हिमचुली ( कविता), आठमा मातृत्व (कथा), नौमा गोर्खे (कथा), दशमा नेपाली पहिचान (संवाद), एघारमा सहकारी (निबन्ध), बाह्रमा जीवन मार्ग (रिपोर्ताजमूलक रचना), रहेका छन् । यसको एकाइ दुईमा 'विरहिणी दमयन्ती' (कथा), पाठ्यपुस्तकको १४ पृष्ठमा सात पृष्ठलामो कथा (पृष्ठ १४-२०) र अभ्यास खण्ड (पृष्ठ २०-२८) भएको कथाकार मदनमणि दीक्षितद्वारा लेखिएको छ । कठिन प्रकृतिका शब्दहरू रहेको यस कथामा जीवनमा आइपर्ने समस्यासँग भागेर होइन जुधेर समाधानका उपायहरू अवलम्बन गरी अघिबढ्नु नै वास्तविक जीवन हो भन्ने आशय चित्रण गरिएको छ । नारी र प्रेम संघर्षका प्रतिभूति हुन भन्ने कथाको मूलभाव हो । एकाइ आठमा 'मातृत्व' (कथा), पाठ्यपुस्तकको ९५ पृष्ठमा एघार पृष्ठलामो कथा (पृष्ठ ९५-१०५) र अभ्यास खण्ड (पृष्ठ १०५-११२) भएको कथाकार भागीरथी श्रेष्ठद्वारा लेखिएको छ । यस कथामा विधवा,

पुरुष शोषण, पुरुषले नारीलाई भोग्याका रूपमा मात्र लिने समस्याको चित्रण गरिएको छ। एकाइ नौमा 'गोर्खे' (कथा), पाठ्यपुस्तकको ११३ पृष्ठमा पाँच पृष्ठलामो कथा (पृष्ठ ११३-११७) र अभ्यास खण्ड (पृष्ठ ११७-१२४) भएको कथाकार बखतबहादुर थापाद्वारा लेखिएको छ। यस कथामा कम्प्युटरको प्रयोग, उपयोग, महत्व र सुरक्षा सम्बन्धी चित्रण गरिएको छ। यी तीनओटै कथामा कथाकारको चिनारी र कठीन शब्दको शब्दार्थ स्तम्भ सूची उल्लेख हुन आवश्यक छ। यी कथामा तत्सम शब्दहरूको प्रयोग भएको पाइन्छ। अतः यस शोधकार्यमा 'विरहिणी दमयन्ती' कथाबाट १३४ ओटा, 'मातृत्व' कथाबाट १५२ ओटा र 'गोर्खे' कथाबाट २६ ओटा तत्सम शब्दको खोजी गरी शब्दवर्ग, व्युत्पति, अर्थ र आवृत्तिको व्याख्या विश्लेषण गरिएको छ।

**शोध समीक्षाः**

कार्की (२०७०) द्वारा **कक्षा दसको नेपाली पाठ्यपुस्तकमा  समाविष्ट निबन्ध र कथा विधामा  प्रयुक्त तत्सम शब्दहरूको अध्ययन** शीर्षकमा शोधकार्य गरिएको छ। उक्त शोध त्रि.वि. शिक्षाशास्त्र सङ्कायअन्तर्गत,नेपाली भाषा शिक्षा विभाग,जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरीबाट नेपाली भाषा शिक्षा विषयमा स्नातकोत्तर उपाधिका लागि नेपा.शि.५९८ पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको हो। ६८ पृष्ठसङ्ख्या र ५ अध्यायमा संरचित/विभाजित उक्त शोधपत्रका एकाइ एकमा शोध परिचय, एकाइ दुईमा सैद्धान्तिक अवधारणा, एकाइ तीनमा शब्द र यसको वर्गीकरण, एकाइ चारमा तत्सम शब्दहरूको अध्ययन र विश्लेषण, एकाइ पाँचमा निष्कर्ष र सुझाव रहेका छन्। उक्त शोधका समस्या अन्तर्गत कक्षा १० को नेपाली पाठ्यपुस्तकको कथा र निबन्ध विधामा के कस्ता तत्सम शब्दहरू रहेका छन् ?, कक्षा १० को नेपाली पाठ्यपुस्तकको कथा र निबन्ध विधाका तत्सम शब्दहरू कुन कुन वर्ग र वनोट अन्तर्गत पर्दछन्  ? भन्ने कुरा उल्लेख रहेका छन्। शोध कथा र निबन्ध विधामा रहेका शब्दहरू पहिल्याउनु, कथा र निबन्ध विधामा रहेका तत्सम शब्दहरूको वर्ग पहिल्याउनु, तत्सम शब्दहरूको निर्माण प्रक्रिया पहिल्याउनु उद्देश्यमा केन्द्रित रहेको छ। विश्लेषण प्रकृतिको यस शोधमा पुस्तकालयीय, पाठ्यपुस्तक र विश्लेषण विधिको प्रयोग गरिएको छ। पुस्तकालयीय अध्ययन भएकाले यसका जनसङ्ख्या र नमुना तथा नमुना छनोट गरिएको छैन। यस अध्ययनमा प्राथमिक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ। यस अध्ययनमा प्राथमिक वा

द्वितीयक स्रोतका सामग्री उपयोग गरिएको छ भने साधन निर्माण  पुस्तकालयीय अध्ययनबाट गरिएको छ । तथ्याङ्कको प्रस्तुती तालिकामा गरिएको र विश्लेषण गरिएको छैन । यस शोधको निष्कर्ष कथा र निबन्ध विधामा रहेका शब्दहरू वर्गीकरण गरिएको, कथा र निबन्ध विधामा रहेका तत्सम शब्दहरूको वर्गीकरण गरिएको, तत्सम शब्दहरूको निर्माण प्रक्रिया छुट्याउने कार्य  रहेको छ ।  यस शोधमा कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट निबन्ध र कथा विधामा  प्रयुक्त तत्सम शब्दहरूको अध्ययन गरिएको छ भने मैले गर्न लागेको यस शोधमा **माध्यमिक तहको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन** गरिने भएकाले तत्सम शब्दको अध्ययनका आधारमा यी दुई शोधमा तत्सम शब्दको वर्ग, व्युत्पति र अर्थको सम्बन्ध रहेको छ र तत्सम शब्दको आवृत्ति र विश्लेषणमा भिन्नता रहने छ ।

खड्का (२०६७) द्वारा **कक्षा ११ को सबैको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन** शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोध त्रि.वि. शिक्षाशास्त्र सङ्कायअन्तर्गत,नेपाली भाषा शिक्षा विभाग,जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरीबाट नेपाली भाषा शिक्षा विषयमा स्नातकोत्तर उपाधिका लागि नेपा.शि.५९८ पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको हो । ९५ पृष्ठसङ्ख्या र ५ अध्यायमा संरचित/विभाजित उक्त शोधपत्रका एकाइ एकमा शोध परिचय, एकाइ दुईमा कथाको सैद्धान्तिक स्वरूप, एकाइ तीनमा शब्द र यसको वर्गीकरण, एकाइ चारमा तत्सम शब्दको अध्ययन र विश्लेषण, एकाइ पाँचमा निष्कर्ष र सुझाव रहेका छन् । उक्त शोधका समस्या अन्तर्गत कथाको सैद्धान्तिक स्वरूप के कस्तो छ ?,स्रोतका दृष्टिले शब्दहरूलाई के कसरी वर्गीकरण गर्न सकिन्छ ? सबैको नेपाली पाठ्यपुस्तकको कथा विधामा के कस्ता तत्सम शब्दहरू रहेका छन् ? भन्ने कुरा उल्लेख रहेका छन् । शोध कथाको सैद्धान्तिक स्वरूपको चर्चा गर्न, स्रोतका दृष्टिले शब्दहरूको वर्गीकरण गर्न र सबैको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दको विश्लेषण गर्ने उद्देश्यमा केन्द्रित रहेको छ । विश्लेषण प्रकृतिको यस शोधमा पुस्तकालयीय, पाठ्यपुस्तक र विश्लेषण विधिको प्रयोग गरिएको छ । पुस्तकालयीय अध्ययन भएकाले यसका जनसङ्ख्या र नमुना तथा नमुना छनोट गरिएको छैन । यस अध्ययनमा प्राथमिक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ ।

यस अध्ययनमा प्राथमिक वा द्वितीयक स्रोतका सामग्री उपयोग गरिएको छ भने साधन निर्माण पुस्तकालयीय अध्ययनबाट गरिएको छ । तथ्याङ्कको प्रस्तुती तालिकामा गरिएको र विश्लेषण गरिएको छैन । यस शोधको निष्कर्ष कथाको सैद्धान्तिक स्वरूपको अर्थ र तात्पर्यलाई प्रष्ट पारिएको, शब्दहरूको वर्गीकरण गरिएको र सबैको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दको विश्लेषण गरिएको रहेको छ ।  यस शोधमा कक्षा ११ को सबैको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन गरिएको छ भने मैले गर्न लागेको यस शोधमा **माध्यमिक तहको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन** गरिने भएकाले तत्सम शब्दको अध्ययनका आधारमा यी दुई शोधमा तत्सम शब्दको वर्ग, व्युत्पति र अर्थको सम्बन्ध रहेको छ र तत्सम शब्दको आवृत्ति र विश्लेषणमा भिन्नता रहने छ ।

दाहाल (२०६७) द्वारा **कक्षा ११ को सबैको नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन** शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोध त्रि.वि. शिक्षाशास्त्र सङ्कायअन्तर्गत,नेपाली भाषा शिक्षा विभाग,जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरीबाट नेपाली भाषा शिक्षा विषयमा स्नातकोत्तर उपाधिका लागि नेपा.शि.५९८ पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको हो । ५८ पृष्ठसङ्ख्या र ५ अध्यायमा संरचित/विभाजित उक्त शोधपत्रका एकाइ एकमा शोध परिचय, एकाइ दुईमा निबन्धको सैद्धान्तिक स्वरूप, एकाइ तीनमा शब्द र यसको वर्गीकरण, एकाइ चारमा तत्सम शब्दको अध्ययन र विश्लेषण, एकाइ पाँचमा निष्कर्ष र सुझाव रहेका छन् । उक्त शोधका समस्या अन्तर्गत निबन्धको सैद्धान्तिक स्वरूप के कस्तो छ ? स्रोतका दृष्टिले शब्दहरूलाई के कसरी वर्गीकरण गर्न सकिन्छ ? सबैको नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा के कस्ता तत्सम शब्दहरू रहेका छन् ? भन्ने कुरा उल्लेख रहेका छन् । शोध निबन्धको सैद्धान्तिक स्वरूपको चर्चा गर्नु, स्रोतका दृष्टिले शब्दहरूको वर्गीकरण गरी तत्सम शब्दको स्वरूप पहिल्याउनु र सबैको नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दको विश्लेषण गर्ने उद्देश्यमा केन्द्रित रहेको छ । विश्लेषण प्रकृतिको यस शोधमा पुस्तकालयीय, पाठ्यपुस्तक र विश्लेषण विधिको प्रयोग गरिएको छ । पुस्तकालयीय अध्ययन भएकाले यसका जनसङ्ख्या र नमुना तथा नमुना छनोट गरिएको छैन । यस

अध्ययनमा प्राथमिक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । यस अध्ययनमा प्राथमिक वा द्वितीयक स्रोतका सामग्री उपयोग गरिएको छ भने साधन निर्माण  पुस्तकालयीय अध्ययनबाट गरिएको छ । तथ्याङ्कको प्रस्तुती तालिकामा गरिएको र विश्लेषण गरिएको छैन । यस शोधको निष्कर्ष निबन्धको सैद्धान्तिक स्वरूपको अर्थ र तात्पर्यलाई प्रष्ट पारिएको, शब्दहरूको वर्गीकरण गरिएको र सबैको नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दको विश्लेषण गरिएको रहेको छ ।  यस शोधमा कक्षा ११ को सबैको नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन गरिएको छ भने मैले गर्न लागेको यस शोधमा **माध्यमिक तहको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन** गरिने भएकाले तत्सम शब्दको अध्ययनका आधारमा यी दुई शोधमा तत्सम शब्दको वर्ग, व्युत्पति र अर्थको सम्बन्ध रहेको छ र तत्सम शब्दको आवृत्ति र विश्लेषणमा भिन्नता रहने छ ।

बस्नेत (२०७१) द्वारा **स्नातक अनिवार्य नेपालीको कथा विधामा  प्रयुक्त तत्सम शब्दहरूको अध्ययन** शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोध त्रि.वि. शिक्षाशास्त्र सङ्कायअन्तर्गत, नेपाली भाषा शिक्षा विभाग, जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरीबाट नेपाली भाषा शिक्षा विषयमा स्नातकोत्तर उपाधिका लागि नेपा.शि.५९८ पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको हो । ४४ पृष्ठसङ्ख्या र ५ अध्यायमा संरचित/विभाजित उक्त शोधपत्रका एकाइ एकमा शोध परिचय, एकाइ दुईमा पूर्वकार्यको समीक्षा तथा धारणात्मक सरचना, एकाइ तीनमा अध्ययन विधि, एकाइ चारमा शब्दको परिचय, वर्गीकरण र तत्सम शब्द विश्लेषण, एकाइ पाँचमा निष्कर्ष र सुझाव रहेका छन् । उक्त शोधका समस्या अन्तर्गत शब्दको वर्गीकरण र तत्सम शब्दको सङ्क्षिप्त परिचय कसरी दिन सकिन्छ ? स्नातक अनिवार्य कथा विधामा प्रयुक्त तत्सम शब्दहरू के कस्ता रहेका छन् ? कथा विधामा उपसर्ग र प्रत्यय शब्दहरु के कस्ता रहेका छन् ? कथा विधामा समास र द्वित्व शब्दहरु के कस्ता रहेका छन् ? भन्ने कुरा उल्लेख रहेका छन् । शोध तत्सम शब्दको वर्गीकरण र शब्दहरूको सङ्क्षिप्त परिचय दिनु, स्नातक अनिवार्य नेपालीको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको विश्लेषण गर्नु, कथा विधामा उपसर्ग र प्रत्यय शब्दहरूको निर्माण प्रक्रिया पहिचान गर्नु, कथा विधामा समास र द्वित्व शब्दहरुको निर्माण प्रक्रिया पहिचान गर्ने उद्देश्यमा केन्द्रित रहेको छ । व्याख्या र विश्लेषण

प्रकृतिको यस शोधमा पुस्तकालयीय, पाठ्यपुस्तक र विश्लेषण विधिको प्रयोग गरिएको छ। यसका जनसङ्ख्या स्नातक प्रथम वर्षको अनिवार्य विषयको पाठ्यांशमा समाविष्ट कथा विधामा प्रयुक्त सबै तत्सम शब्दहरू नमुनाको रूपमा लिएका हुन्। नमुना छनोट पुस्तकालयीय विधि भएकाले पुस्तकालयका पुस्तकबाट शब्द सङ्कलन गरिएकाले नमुना छनोट गरिएको छैन। यस अध्ययनमा प्राथमिक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ। यस अध्ययनमा प्राथमिक वा द्वितीयक स्रोतका सामग्री उपयोग गरिएको छ भने साधन निर्माण  पुस्तकालयीय अध्ययनबाट गरिएको छ। तथ्याङ्कको प्रस्तुती तालिकामा गरिएको र विश्लेषण गरिएको छैन। यस शोधको निष्कर्ष कथाको सैद्धान्तिक स्वरूपको अर्थ र तात्पर्यलाई प्रष्ट पारिएको, शब्दहरूको वर्गीकरण गरिएको र कथा विधामा प्रयुक्त तत्सम शब्दको विश्लेषण गरिएको रहेको छ।  यस शोधमा स्नातक अनिवार्य नेपालीको कथा विधामा  प्रयुक्त तत्सम शब्दहरूको अध्ययन गरिएको छ भने मैले गर्न लागेको यस शोधमा **माध्यमिक तहको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन** गरिने भएकाले तत्सम शब्दको अध्ययनका आधारमा यी दुई शोधमा तत्सम शब्दको वर्ग, व्युत्पति र अर्थको सम्बन्ध रहेको छ र तत्सम शब्दको आवृत्ति र विश्लेषणमा भिन्नता रहने छ।

लिम्बू (२०७३) द्वारा **एमएड प्रथम वर्षको कथा विधामा  प्रयुक्त तत्सम शब्दको अध्ययन** शीर्षकमा शोधकार्य गरिएको छ। उक्त शोध त्रि.वि. शिक्षाशास्त्र सङ्कायअन्तर्गत, नेपाली भाषा शिक्षा विभाग, जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरीबाट नेपाली भाषा शिक्षा विषयमा स्नातकोत्तर उपाधिका लागि नेपा.शि.५९८ पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको हो। ७२ पृष्ठसङ्ख्या र ५ अध्यायमा संरचित/विभाजित उक्त शोधपत्रका एकाइ एकमा अध्ययनको परिचय, एकाइ दुईमा पूर्वकार्यको समीक्षा र धारणात्मक संरचना, एकाइ तीनमा अध्ययनको प्रक्रिया, एकाइ चारमा तत्सम शब्दको विश्लेषण, एकाइ पाँचमा निष्कर्ष र सुझाव रहेका छन्। उक्त शोधका समस्या अन्तर्गत स्नातकोत्तर तह प्रथम वर्षको कथा विधामा प्रयुक्त तत्सम शब्दहरू के कस्ता रहेका छन् ? कथाहरूका तत्सम शब्दहरूका बनोट कस्ता छन् ? कथाहरूका तत्सम शब्दहरूको आवृत्तिको अवस्था कस्तो छ ? शब्दवर्गका आधारमा तत्सम शब्दहरू कस्ता छन् ? भन्ने कुरा उल्लेख रहेका छन्। शोध स्नातकोत्तर तह प्रथम वर्षको कथा विधामा प्रयुक्त

तत्सम शब्दहरू पहिचान गर्नु वा पत्ता लगाउनु, कथाहरूका तत्सम शब्दहरूका बनोट प्रक्रिया पत्ता लगाउनु, कथाहरूका तत्सम शब्दहरूको आवृत्तिको अवस्था पत्ता लगाउनु, तत्सम शब्दहरूको शब्दवर्ग पत्ता लगाउनु जस्ता उद्देश्यमा केन्द्रित रहेको छ। विश्लेषण प्रकृतिको यस शोधमा पुस्तकालयीय,पाठ्यपुस्तक र विश्लेषण विधिको प्रयोग गरिएको छ। पुस्तकालयीय अध्ययन भएकाले यसका जनसङ्ख्या स्नातकोत्तर तह प्रथम वर्षको नेपाली गद्य र नाटक पुस्तकमा भएका कथा विधामा प्रयुक्त सबै तत्सम शब्दहरूलाई लिएको र नमुना स्नातकोत्तर तह प्रथम वर्षको नेपाली पुस्तकमा भएका कथा विधामा प्रयुक्त तत्सम शब्दहरूलाई नमुना छनोटको रूपमा लिएको छ। यस अध्ययनमा प्राथमिक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ। यस अध्ययनमा प्राथमिक वा द्वितीयक स्रोतका सामग्री उपयोग गरिएको छ भने साधन निर्माण  पुस्तकालयीय विधिबाट गरिएको छ। तथ्याङ्कको प्रस्तुती र विश्लेषण तालिकामा गरिएको छ। यस शोधको निष्कर्ष स्नातकोत्तर तह प्रथम वर्षको कथा विधामा प्रयुक्त तत्सम शब्दहरू वर्गीकरण गरेको, कथाहरूका तत्सम शब्दहरूका बनोट प्रक्रिया उल्लेख गरेको, कथाहरूका तत्सम शब्दहरूको आवृत्तिको अवस्था  छुट्याईएको, तत्सम शब्दहरूको शब्दवर्ग छुट्याउने रहेको छ।  यस शोधमा एमएड प्रथम वर्षको कथा विधामा  प्रयुक्त तत्सम शब्दको अध्ययन गरिएको छ भने मैले गर्न लागेको यस शोधमा **माध्यमिक तहको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन** गरिने भएकाले तत्सम शब्दको अध्ययनका आधारमा यी दुई शोधमा तत्सम शब्दको वर्ग, व्युत्पति, अर्थ र आवृत्तिको सम्बन्ध रहेको छ र तत्सम शब्दको विश्लेषणमा भिन्नता रहने छ।

यसरी शब्दभण्डारको अध्ययनमा केन्द्रित भएर विभिन्न अनुसन्धानकर्ताले अनुसन्धान गरेको पाइएता पनि परिवर्तित पाठ्यक्रम २०७६ अनुसार माध्यमिक तहको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा प्रयुक्त तत्सम शब्दमा केन्द्रित भएर कुनै पनि अनुसन्धानकर्ताले हालसम्म अनुसन्धान गरेको पाइँदैन। तसर्थ यो अध्ययन नै यस विषय र क्षेत्रको प्रथम अनुसन्धान हुनेछ। अनुसन्धान कार्यले सबै पक्षलाई समेट्न नसकेको र सबै तहलाई अपुग भएको देखी **माध्यमिक तहको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन** शीर्षकमा अनुसन्धान गरिएको छ। यो अनुसन्धान

यसपूर्व शब्दभण्डारको अध्ययनमा केन्द्रित भएर शोध भए पनि यो शीर्षकमा नभएकाले यो शोधकार्यले कक्षा ११ र १२ मा अध्ययन गर्ने विद्यार्थीहरूका लागि बोधकार्यमा उपयोगी, शब्दनिर्माण प्रक्रिया ज्ञान हुनका लागि उपयोगी र शब्दवर्ग छुट्याउनका लागि उपयोगी हुने देखिन्छ । यो शोधकार्यले यस तहमा पढाउने शिक्षकका लागि पनि उपयोगी देखिन्छ । साथै आगामी दिनमा अनुसन्धान कार्य गर्नेहरूका लागि समेत यसले मार्गनिर्देश गर्ने भएकाले उपयोगी देखिन्छ । यो शोधकार्य सम्पन्न गर्नका लागि शोधनिर्देशक र विज्ञहरूसँग सहयोग लिंदै तयार पारिएको हुनाले यो शोधकार्य मौलिक हो ।

## २.२ सैद्धान्तिक/धारणात्मक संरचना

अनुसन्धान कार्य गर्दा त्यसपूर्व भएका अनुसन्धानहरूलाई हेरेर, अनुसन्धानका नियमलाई टेकेर, सैद्धान्तिक पक्षको ज्ञान लिएर मात्र गर्नुपर्ने हुन्छ । नियमलाई नटेकी सैद्धान्तिक ज्ञानलाई नजानी गर्दा त्यस अनुसन्धानले वैज्ञानिक पूर्णता नपाउने र व्यक्तिको निजत्वको प्रभाव रहने भएकाले यो शोधपत्र तयारीका क्रममा शब्दभण्डारको अध्ययन गर्दा नेपाली विद्वान् डा. हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराईको प्रयोगात्मक नेपाली शब्दकोष, वसन्तकुमार शर्म्मा 'नेपाल'को नेपाली शब्दभण्डार, डी.पी. भट्टराई र डिल्लीराम ढुङ्गेलको माध्यमिक नेपाली व्याकरण र अभिव्यक्ति, डा. रामप्रसाद भट्टराई 'विलिन' र अन्यको प्रयोगात्मक नेपाली व्याकरण बोध र रचना, प्रा.शान्तिप्रसाद ढकाल र अन्यको अनिवार्य नेपाली स्नातक प्रथम वर्ष र नेपाली साहित्यिक रचना पुस्तकका आधारमा लिईएको छ ।

# अध्याय तीन

## अध्ययन विधि

### ३.१ अध्ययनको ढाँचा

अनुसन्धान कार्य वैज्ञानिक अध्ययन भएकोले तथ्यमा आधारित भएर अध्ययन विश्लेषण गरिएको छ । अनुसन्धानको विषय, प्रकृति र गहनता जस्ता कुराले संरचनामा फरक पार्दछ । यस शोधकार्यमा नमुना छनोट, सामग्री सङ्कलन, सामग्री निरीक्षण, सत्यापन, वर्गीकरण, विश्लेषण पश्चात् निष्कर्ष निकालिएको छ । विषय वा शीर्षकअनुसार यसका विधिहरू फरक हुने गर्दछन् । त्यसैले प्रस्तुत शोधकार्यमा पुस्तकालयीय कार्य र विश्लेषण विधि अपनाईएको छ । यो शोधकार्य गुणात्मक प्रकृतिमा तयार पारिएको छ ।

### ३.२ जनसङ्ख्या र नमुना

अनुसन्धान कार्य तथ्य, प्रमाणका आधारमा मात्र सम्पन्न हुने गर्दछ । अनुसन्धानका लागि अध्ययन गरिने क्षेत्रको जनसङ्ख्या र नमुना आवश्यक पर्दछ । अनुसन्धान गरिने विषय वा प्रकृति अनुसार जनसङ्ख्या र नमुना लिने गर्नुपर्दछ । यो शोधकार्य गुणात्मक प्रकृतिको भएकाले सामग्री सङ्कलन गर्नका लागि जनसङ्ख्याका रूपमा कक्षा ११ र १२ का नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा  प्रयुक्त तत्सम शब्दलाई लिईएको छ । यहाँ पुस्तकालयीय कार्य भएकाले नमुनाका रूपमा यहाँ नलिई सबै तत्सम शब्द जनसङ्ख्याका रूपमा रहेका छन् ।

### ३.३ नमुना छनोट प्रक्रिया

अनुसन्धान कार्य सम्पन्न गर्न अनुसन्धानमा आवश्यक हुने नमुनाका लागि सबै जनसङ्ख्यालाई नमुनाका रूपमा लिएर सम्भव नहुने भएकाले सबै खाले जनसङ्ख्याको गुणको प्रतिनिधि रूपमा समावेश गरी नमुना छनोट गर्ने गरिन्छ । यहाँ पुस्तकालयीय कार्य भएकाले र पुस्तकालयमा पुस्तकबाट शब्द सङ्कलन गरिएकाले नमुना छनोट कार्य असान्दर्भिक ठानिएकाले नमुना छनोट प्रक्रिया आवश्यक रहेन ।

## ३.४ तथ्याङ्क सङ्कलनका साधनहरू

अनुसन्धान कार्यको लागि तथ्याङ्क सङ्कलन गर्दा प्राथमिक र द्वितीयक दुवै स्रोतका साधन प्रयोग गर्न सकिन्छ । यस शोधकार्यका लागि निम्नबमोजिमका साधनहरूको प्रयोग गरिएको छ ।

### ३.४.१ प्राथमिक स्रोत

यस शोधकार्यको प्राथमिक स्रोतका रूपमा कक्षा ११ र १२ का नेपाली भाषा पाठ्यपुस्तकलाई लिईएको छ ।

### ३.४.२ द्वितीयक स्रोत

यस शोधकार्यको द्वितीयक स्रोतअन्तर्गत सैद्धान्तिक अध्ययनका निम्ति नेपाली व्याकरण, भाषा विज्ञानका पुस्तकहरू, शैक्षिक अनुसन्धानका पुस्तकहरू, नेपाली शब्द कोष, अप्रकाशित शोधपत्र, शिक्षक सुझाव तथा निर्देशनलाई अङ्गिकार गरिएको छ । उल्लिखित स्रोतका आधारमा विश्लेषणात्मक विधि अपनाई तत्सम शब्दहरूको विश्लेषण गरी अध्ययन प्रतिवेदन तयार पारिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलनका प्रक्रिया

अनुसन्धान कार्य तथ्यमा आधारित हुने गर्दछ । तथ्यमा आधारित भएकाले तथ्याङ्क सङ्कलन गर्न निश्चित विधि र प्रक्रिया अवलम्बन गर्ने गरिन्छ । शोधपत्र तयार पार्नका लागि पुस्तकालयीय र क्षेत्रीय कार्य मुख्य मानिन्छन् । यस शोधकार्यमा कक्षा ११ र १२ का नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विधाम प्रयुक्त तत्सम शब्दको खोजीको लागि पुस्तकालयीय कार्यबाट शब्द सङ्कलन गरिएको छ । सामग्री सङ्कलन गर्दा पुस्तकालयीय कार्यमा नेपाली साहित्यिक रचना, पुस्तक र पुस्तकमा कथा विधामा प्रयोग भएका तत्सम शब्दको अध्ययनका लागि नेपाली व्याकरण र प्रयोगात्मक नेपाली शब्दकोशको सहयोगमा सामग्री सङ्कलन कार्य सम्पन्न गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया

अनुसन्धान कार्यमा तथ्याङ्क सङ्कलन पश्चात् तथ्याङ्कको व्याख्या विश्लेषण कार्य निश्चित नियम र विधिमा रहेर गर्नुपर्ने हुन्छ । सङ्कलित सामग्रीहरूलाई पुस्तकालयीय कार्य प्रयोग गरी नेपाली व्याकरण, नेपाली साहित्य रचनाका पुस्तक र नेपाली बृहत् शब्दकोशलाई अगाडि राखेर शब्दहरूको अर्थ खोज्ने, शब्दहरूको निर्माण प्रक्रिया पत्ता लगाउने, शब्दवर्ग छुट्याउने र पृष्ठ उल्लेख गर्ने कार्य गरिएको छ । यसकारण **माध्यमिक तहको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन**का लागि पुस्तकालयीय कार्य प्रयोग गरिएको छ । उल्लिखित स्रोतका आधारमा विश्लेषणात्मक विधि अपनाई तत्सम शब्दको विश्लेषण र व्याख्या गरी तालिकामा प्रस्तुत गरि प्रतिवेदन तयार पारिएको छ ।

## अध्याय चार

## नतिजा/परिणाम र छलफल

### ४.१ नतिजा/परिणाम

यस शोधकार्यमा प्राथमिक/द्वितीयक स्रोतहरूको प्रयोग गरी सङ्कलन गरिएका सामग्रीहरूको विश्लेषणबाट प्राप्त नतिजा/परिणाम तथ्य शाब्दिकरूपमा र तथ्याङ्क संख्यात्मकरूपमा प्रस्तुतीकरण गरिएको छ। उक्त नतिजा/परिणामलाई तालिकाद्वारा तथ्याङ्क प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ।

कक्षा ११ र १२ का नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा प्रयुक्त तत्सम शब्दको खोजी गरी निम्नबमोजिम प्रस्तुत गरिएको छ -

#### ४.१.१ कक्षा ११ को नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट 'गाउँको माया' कथामा प्रयोग भएका तत्सम शब्द-

'गाउँको माया' (सामाजिक कथा) का कथाकार नेपाली साहित्यमा सामाजिक कथाकारका रूपमा परिचित इस्मालीको जन्म वि.सं.२०१२/०२/०४ मा भएको हो। यिनको ठेगाना- जनकपुर अञ्चल, महोत्तरी जिल्ला, औरही नैनीगौरी हो। यिनले स्नातकोत्तर उपाधि प्राप्त गरेका हुन्। यिनका प्रकाशित कृति- सेतो आतङ्क (उपन्यास, २०३९), माछोमाछो भ्यागुतो (कथासङ्ग्रह, २०५२)। यिनी सुखदुखलाई अनुभूत गर्दै कथा लेख्ने कथाकार हुन्। यिनका कथामा ग्रामीण परिवेशको चित्र उतारिएको हुन्छ (ढुङ्गेल र दाहाल, २०६८: पृ. १७६)।

यस कथामा प्रयोग भएका तत्सम शब्दको वर्ग, व्युत्पति, अर्थ र आवृत्तिलाई निम्नबमोजिम प्रस्तुत गरिएको छ -

**तालिका नं.- १**

| शब्द | वर्ग | व्युत्पति | अर्थ | पृष्ठ | आवृत्ति |
|---|---|---|---|---|---|
| वर्ष | नाम | मूल शब्द | वर्ष, साल, १२ महिनाको समय वा | १२ | ३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सो अवधि, ३६५ दिनको समयावधि | | |
| प्रत्यक्षदर्शी | नाम | प्रत्यक्ष+दर्शी | पुरै देख्ने, कुनै वस्तु घटना आदिलाई आफ्ना आँखाले देख्ने | १२ | |
| मात्र | निपात | मूल शब्द | खाली, केवल, एक्लै भन्ने आशयमा प्रयोगमा आउने शब्द | १२ | २ |
| जीवन | नाम | जीव+अन | आयु,जिन्दगी,प्राण, ज्यान, प्राणीको जन्मदेखि मृत्युसम्मको अवधि | १२ | ३ |
| बोध | नाम | बुध् | सुनेर,पढेर,हेरेर कुनै कुरा बुझ्ने काम वा त्यस्तो क्षमता, ज्ञान, अनुभव,सम्झना, अनुभूति, महसुस | १२ | |
| व्यङ्ग्य | नाम | वि+अञ्ज+य | घुमाउरो तरिकाले भनिएको कुरो, ख्यालठट्टा, घोचपेच | १२ | |
| जीवन्त | विशेषण | जीव्+अन्त | जिउदो, जीवित, जाग्दो | १२ | |
| सहसा | क्रियायोगी | मूल शब्द | अचानक, अकस्मात, एक्कासि | १३ | २ |
| परिचित | विशेषण | परि+चि+त | परिचय भएको,चिनारी,पहिचान | १३ | |
| स्वर | नाम | मूल शब्द | व्यक्त वा अव्यक्त आबाज, उच्चारण अवमेवमा बाधा नपरी उच्चारण हुने वर्ण, गीत, सङ्गीत आदिको सुर, धुन | १३ | ४ |
| किशोर | नाम | मूल शब्द | एघारदेखि पन्ध्र वर्ष उमेरको केटो | १३ | |
| वय | नाम | वयस् | जीवनको खास अवस्था, उमेर, यौवन, जमानी | १३ | |
| एवम् | क्रियायोगी | मूल शब्द | यस्तै प्रकारले, यस्तै नै, यसरी नै | १३ | |
| अनन्त | विशेषण | अन्+अन्त | अन्त वा सीमा नभएको, असीमित, असङ्ख्य,अनगिन्ती, अपार, विशाल | १३ | |

| | | | | | |
|---|---|---|---|---|---|
| क्रमशः | क्रियायोगी | क्रम+शः | क्रमैसँग, क्रमले, सिलसिलाबद्ध | १३ | |
| हस्तान्तरण | नाम | हस्त+अन्तरण | अर्काको जिम्मा लगाउने काम, एकसँग भएको वस्तु अर्कालाई दिने काम | १३ | |
| भविष्य | नाम | भू+इ+स्य | वर्तमान भन्दा पछिको समय, आगामी वेला | १३ | |
| विद्यालय | नाम | विद्या+आलय | पाठशाला, विद्यार्थीलाई पढाउने सुविधा भएको शैक्षिक संस्था | १३ | २ |
| अन्तराल | नाम | अन्तर+आल | दुई विन्दु, वस्तु वा समयका बिचको खाली भाग | १३ | |
| सम्बन्ध | नाम | सम्+बन्ध | योग , संयोग, कुनै बस्तुलाई अर्को बस्तुसँग जोड्ने काम | १३ | |
| श्रम | नाम | मूल शब्द | मिहिनेत, परिश्रम | १३ | |
| सर्वत | क्रियायोगी | सर्व+त | सबैतिर, चारैतिर | १४ | |
| अन्याय | नाम | अ+न्याय | नीति तथा नियम बिरुद्ध गरिने काम | १४ | |
| विगत | विशेषण | वि+गत | गएको, वितेको, विगत, व्यतीत | १४ | |
| विशेष | विशेषण | वि+शेष | रूप, गुण, मात्रा आदिका आधारमा अरूभन्दा बढी महत्वको, विशिष्ट | १४ | |
| रुचि | नाम | रुच्+ई | खाने इच्छा,स्वाद, भोक | १४ | |
| वर्षा | नाम | वर्ष+आ | आकाशबाट पानी पर्ने काम, झरी | १४ | |
| मूल | नाम | मूल शब्द | बोट बिरुवाको जरो वा जरामा फल्ने कन्द,स्तम्भ,स्रोत,उत्पतिस्थल | १४ | |
| उदास | विशेषण | उत्+आशा | दुःखकष्ट, चिन्तित, दुःखकष्ट वा त्यसको आशङ्खाले खिन्न | १४ | |

| | | | | |
|---|---|---|---|---|
| आर्द्र | विशेषण | मूल शब्द | भिजेको, ओसिएको, चिसो | १४ |
| मुद्रा | नाम | मुद्र+आ | योग, ध्यान, नृत्य गर्दा शारीरिक अङ्ग सञ्चालनका विभिन्न क्रिया वा स्थिति, धातु वा कागजको पैसा | १४ |
| चेतना | नाम | चेतन+आ | होस, चेत, बोध, बुद्धि, विवेक | १४ |
| क्रीत | विशेषण | क्री+त | किनिएको , खरिद गरिएको | १४ |
| कृपापात्र | विशेषण | कृपा+पात्र | कृपा गर्न योग्य, दया गरिने वा गर्नु पर्ने व्यक्ति, कृपाको पात्र | १४ |
| मन | नाम | मनस् | हृदय, मन,  चालीस किलोग्राम | १४ |
| रण | नाम | मूल शब्द | युद्ध , युद्ध | १५ |
| दु:ख | नाम | दुस्+ख | कष्ट, व्यथा, शारीरिक वा मानसिक पीडा | १५ |
| मूर्ख | नाम | मूल शब्द | अज्ञानी, अनपढ, ज्ञान नभएको, नपढेको, बुद्धि नभएको | १५ |
| परदेशी | विशेषण | परदेश ई | परदेशमा बस्ने, परदेशमा हुने, परदेशको, अपरिचित | १५ |
| लज्जित | विशेषण | लज्ज+इत | लजाएको, लाज मानेको | १५ |
| अभिमानी | विशेषण | अभिमान+इ | घमण्डी, अहङ्कारी | १५ |

'गाउँको माया' कथामा ११९६ ओटा शब्द प्रयोग भएका छन् । ती शब्दहरूमध्ये ४१ ओटा (३.४३%) तत्सम शब्द रहेका छन् । यस कथामा प्रयोग भएका तत्सम शब्दको वर्ग, संख्या र प्रतिशत निम्नबमोजिम रहेको पाइयो ।

**तालिका नं.- १.१**

| शब्दवर्ग | संख्या | प्रतिशत | शब्दवर्ग | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| नाम | २४ | ५८.५४ | विशेषण | १२ | २९.२७ |
| क्रियायोगी | ४ | ९.७५ | निपात | १ | २.४४ |

यस कथामा आवृत्ति भएका तत्सम शब्द निम्नबमोजिम रहेको पाइयो ।

**तालिका नं.- १.२**

| शब्द | आवृत्ति | शब्द | आवृत्ति |
|---|---|---|---|
| वर्ष | ३ | मात्र | २ |
| जीवन | ३ | सहसा | २ |
| स्वर | ४ | विद्यालय | २ |

**निष्कर्ष**मा यस शोधकार्यअन्तर्गत 'गाउँको माया' कथामा प्रयोग भएका ४१ ओटा तत्सम शब्दको अध्ययनबाट प्राप्त तथ्य शाब्दिकरूपमा र तथ्याङ्क संख्यात्मकरूपमा प्रस्तुत गरिएको छ ।

**छलफल/व्याख्याः**

यस शोधकार्यको परिणामबाट 'गाउँको माया' कथामा प्रयोग भएका ४१ ओटा तत्सम शब्दको अध्ययन गर्दा नाम वर्गमा २४ ओटा (५८.५४%), विशेषण १२ (२९.२७ %), क्रियायोगी ४(९.७५%) र निपात १ (२.४४%)रहेको पाइयो । यसरी हेर्दा 'नाम' शब्द सबैभन्दा बढी र त्यस पछि 'विशेषण' शब्द प्रयोग भएको पाइयो भने अन्य शब्द न्युनमात्रामा प्रयोग भएको पाईएको छ । यस कथामा प्रयोग भएका तत्सम शब्दहरूमध्ये ६ ओटा तत्सम शब्द आवृत्ति भएका छन् । ती शब्दमध्ये 'स्वर' शब्द सबैभन्दा बढी ४ पटक आवृति भएको पाईएको छ ।

**निष्कर्ष**मा छलफल तथा व्याख्याबाट आएको नतिजा अनुसार नाम र विशेषण शब्द बढी प्रयोग भएको र 'स्वर' शब्द बढी आवृत्ति भएको व्याख्या र विश्लेषण गरिन्छ ।

### ४.१.२ कक्षा ११ को नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट 'त्यो फेरि फर्कला ?' कथामा प्रयोग भएका तत्सम शब्द-

'त्यो फेरि फर्कला ?' (मनोवैज्ञानिक कथा) का कथाकार मनोवैज्ञानिक अथवा सामाजिक यथार्थवादी, वाल मनोविश्लेषण गर्ने वाल मनोवैज्ञानिक कथाकार भवानी भिक्षुको जन्म वि.सं.

१९६६/०२/२१, लुम्बिनी अञ्चलको तौलिहवामा र मृत्यु वि.सं. २०३८/०१/०४, काठमाण्डौमा भएको थियो । भिक्षुले नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका सदस्य भएर सेवा गरेका थिए । यिनी २०३२ मा 'मदन पुरस्कार' र 'साझा पुरस्कार', २०३६ मा 'त्रिभुवन प्रज्ञा पुरस्कार' बाट सम्मान भएका थिए । यिनको सर्वप्रथम प्रकाशित कथा 'मानव' वि.सं. १९९५ को 'शारदा' पत्रिकामा प्रकाशित भएको थियो । यिनका प्रकाशित कृतिहरू कथा सङ्ग्रह- 'गुनकेशरी' (२०१०), 'मैयाँसाहेब' (२०१७), अवान्तर (२०३४),'आर्वत' (२०२४), कविता सङ्ग्रह-'छाया' (२०१७), 'प्रकाश' (२०१७), 'परिष्कार' (२०१७), उपन्यास- सुभद्रा बज्यै (२०१९), आगत (२०३३), पाइप नं. २ (२०३४), सुन्तली (२०४०) हुन् । यिनी आफ्ना कथामा सामाजिक संस्कार, मर्यादा र प्रतिष्ठाबाट ग्रसित मानवको चित्रण गर्दछन्  (ढुङ्गेल र दाहाल, २०६८: पृ. ६८) ।

यस कथामा प्रयोग भएका तत्सम शब्दको वर्ग, व्युत्पति, अर्थ र आवृत्तिलाई निम्नबमोजिम प्रस्तुत गरिएको छ-

**तालिका नं.- २**

| **शब्द** | **वर्ग** | **व्युत्पति** | **अर्थ** | **पृष्ठ** | **आवृत्ति** |
|---|---|---|---|---|---|
| क्रमशः | क्रियायोगी | क्रम+शः | क्रमैसँग, क्रमले, सिलसिलाबद्ध ढंङ्गले, | ७७ | २ |
| कष्टप्रद | विशेषण | कष्ट+प्रद | कष्टदायी, कष्टदायक, दुःखदायी, पीडादायी | ७७ | |
| दुर्गम | विशेषण | दुर् + गम | आवतजावत गर्न गाह्रो हुने, विकट, जान कठिन | ७७ | |
| क्षीण | विशेषण | क्षी+न(त) | खिएको, घटेको, छिनेको, दुब्लोपातलो | ७७ | २ |
| पथ | नाम | मूल शब्द | बाटो, मार्ग, काम गर्ने तरिका | ७७ | ३ |
| सूर्य | नाम | मूल शब्द | घाम, पृथ्वीमा दिन र | ७७ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | रात छुट्याउने ग्रह | | |
| पश्चिम | नाम | पश्च+इम | पूर्वको विपरित दिशा, सूर्यास्त तर्फ | ७७ | |
| अविराम | विशेषण | अ+विराम | विश्राम नभएको, नरोकिने, अटुट | ७७ | २ |
| जगत् | नाम | मूल शब्द | संसार, विश्व, दुनियाँ | ७७ | २ |
| चिन्ता | नाम | चिन्त+आ | कुनै विषय वा समस्याले मनलाई सताएको स्थिति, सुर्ता, पिर | ७७ | |
| रस | नाम | मूल शब्द | तरल पदार्थ, झोल वा रसिलो वस्तु, शान्त, | ७७ | |
| अनुरक्ति | नाम | अनु+रक्ति | कुनै व्यक्ति, विचार चिन्तन वा धर्मप्रति झुकाव रहेको अवस्था | ७७ | |
| यात्री | नाम | यात्रा+ई | यात्रा गर्ने व्यक्ति, यात्रु, बटुवा | ७७ | २० |
| यौवन | नाम | युवन् | तरुण अवस्था, जवानी, तन्नेरीपन | ७७ | ५ |
| द्वार | नाम | मूल शब्द | ढोका, दैलो, छिद्र, प्वाल, निकास, मुहा, मूल | ७७ | ५ |
| पुष्ट | विशेषण | पुष्+त | भरिलो, पोटिलो, पोषित, बलियो, मोटोघाटो | ७७ | |
| कण्ठ | नाम | मूल शब्द | चिउँडामुनि रुद्रघण्टीको आसपासको भाग, गला, घाँटी | ७७ | |
| तीव्र | विशेषण | मूल शब्द | धेरै छिटो वा असाध्य | ७७ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | चाँडो, बेगिलो, प्रखर, तिख्खर, तीक्ष्ण, असह्य | | |
| स्वर | नाम | मूल शब्द | व्यक्त वा अव्यक्त आबाज, उच्चारण अवमेवमा बाधा नपरी उच्चारण हुने वर्ण, गीत, सङ्गीत आदिको सुर, धुन | ७७ | ६ |
| पर्वत | नाम | मूल शब्द | ठूलो थुम्को, पहाड, डाँडा, उच्च शिखर | ७७ | २ |
| प्रतीक्षा | नाम | प्रति+ईक्षा | पर्खने काम, बाटो हेराई , पर्खाइ | ७७ | |
| सम्मुख | नामयोगी | सम+मुख | सामुन्ने, मुखेन्जी, अगाडि | ७७ | |
| आश्चर्य | नाम | मूल शब्द | कुनै नयाँ वा अनौठो कुरा देख्दा लाग्ने अचम्म, उदेक, छक्क, विस्मय | ७८ | |
| उपेक्षा | नाम | उप+इक्षा | बेवास्ता, अनादर, हेला | ७८ | |
| विश्वास | नाम | वि+श्वास् | कुनै व्यक्ति वा उसको काममा भर पर्ने स्थिति, पत्यार वा भरोसा | ७८ | |
| आभा | नाम | आ+भा | शोभा, चहक, छवि | ७८ | |
| निश्चय | नाम | निस्+चय | कुनै शङ्का तथा दुविधा नभएको स्थिति, पक्का, निधो | ७८ | |
| स्वस्थ | विशेषण | स्व+स्थ | निरोगी, शारीरिक मानसिक रूपमा कुनै रोग नभएको | ७८ | |

| | | | | | |
|---|---|---|---|---|---|
| निश्चिन्त | विशेषण | निस्+चिन्ता | चिन्ता नलिने, चिन्ता वा फिक्री नभएको, ढुक्क | ७८ | |
| सन्तोष | नाम | सम्+तुष् | सन्तुष्टि, तृप्ति | ७८ | २ |
| दृष्टि | नाम | दृश्+ति | हेर्ने काम हेराइ, अवलोकन, आँखा, नेत्र, ध्यान, रुचि, चासो | ७८ | २ |
| उत्तर | नाम | उत्+तर | प्रश्न वा सवालको जवाफ, कुनै समस्याको समाधान, हल | ७८ | |
| बालिका | नाम | बाल+इका | बालक स्त्री, कुमारी, कन्या, केटी | ७९ | २ |
| सङ्कोच | नाम | सम्+कुच | धक, हिचकिच, कुनै कामबाट हुने असजिलो पन | ७९ | २ |
| युवा | नाम | युवन् | जवान, युवक, तन्नेरी, जवान अवस्थाको, बुढो नभएको | ७९ | |
| प्रकाश | नाम | प्र+काश | उज्यालो पार्ने तत्त्व, उज्यालो, ज्योति | ७९ | |
| परिचय | नाम | परि+चय | पहिचान, चिनारी | ७९ | |
| बाह्य | विशेषण | बहि+य | बाहिरको, बाहिरी | ७९ | |
| आवरण | नाम | आ+वरण | ढकनी, बिर्को, बाहिरी भाग | ७९ | |
| दरिद्रता | नाम | दरिद्र+ता | सम्पतिको अभाव, गरिबी | ७९ | |
| विज्ञापन | नाम | वि+ज्ञप्+अन | सर्वसाधारणका लागि जानकारी दिन गरिएको | ७९ | |

| | | | | |
|---|---|---|---|---|
| | | | प्रचारप्रसार, भर्ना, पदपूर्ति आदिका लागि संघसंस्थाहरुले सम्बन्धित व्यक्तिहरुलाई पोष्टर सञ्चार माध्यम आदिबाट दिइने सूचना | |
| पार्वत्व | विशेषण | पर्वत+य | पर्वतमा हुने, पर्वत सम्बन्धी, पर्वतीय | ७९ |
| परिश्रम | नाम | परि+श्रम | काम गर्दाको थकाइ, श्रम, मिहिनेत | ७९ |
| सुन्दर | विशेषण | मूल शब्द | देख्ता राम्रो, आकर्षक, मनोरम | ७९ |
| उपहार | नाम | उप+हार | कोसेली, सौगात, कसैलाई भेट हुँदा दिइने वस्तु | ७९ |
| स्वाभाविक | विशेषण | स्वाभाव+इक | स्वभावले हुने, स्वभाव अनुसारको, सहज, सामान्य, साधारण | ७९ |
| उज्ज्वल | विशेषण | उत्+ज्वल | चहकिलो, उज्यालो, स्वच्छ , टहकदार | ७९ |
| चञ्चल | विशेषण | मूल शब्द | चकचक गर्ने, चकचके, छुक्छुके, अस्थिर, अधीर | ७९ |
| अपार | विशेषण | अ+पार | पार पाउन नसकिने, असीमित | ७९ |
| उत्सुकता | नाम | उत्सुक+ता | चासो, अभिरुचि, इच्छा, उत्कण्ठा, अधीरता | ७९ |
| क्रीडा | नाम | क्रीड्+आ | खेल, आमोदप्रमोद, | ७९ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | मनोरञ्जन | | |
| मध्यम | विशेषण | मध्य+म | आकृति,गुण, रुप आदिका दृष्टिले बिचमा पर्ने | ७९ | |
| युवक | नाम | युवन्+क | किशोर अवस्था पार गरेको पौढ अवस्था नपुगेको पुरूष, तरूण | ७९ | |
| आवश्यकता | नाम | आवश्यक+ता | जरुरत, खाँचो | ७९ | |
| स्वाभाविकता | नाम | स्वाभाविक+ता | सहजता, स्वाभाविकमा हुने विशेषता | ७९ | |
| सघन | विशेषण | स+घन | बाक्लो ,घना, खँदिलो, कसिलो | ८० | |
| विशाल | विशेषण | वि+शाल | आकारका दृष्टिले धेरै फैलिएको, विस्तृत, व्यापक, गहन | ८० | |
| अङ्ग | नाम | मूल शब्द | शरीरको भाग, शरीरको अवयव, कुनै वस्तुको भाग, खण्ड वा अंश, | ८० | २ |
| स्तब्ध | विशेषण | स्तम्भ+त | आश्चर्यमा परेको | ८० | |
| शरीर | नाम | मूल शब्द | अङ्ग प्रत्यङ्ग मिलेर बनेको प्राणीको आकृति, जिउ, देह, काया, कुनै वस्तुको बाहिरी आकार प्रकार, कलेवर | ८० | २ |
| शृङ्खलाबद्ध | विशेषण | शृङ्खला+बद्ध | शृङखलामा बाँधिएको, सिलसिला मिलेको, क्रमबद्ध, सिलसिलाबद्ध | ८० | |

| | | | | | |
|---|---|---|---|---|---|
| गर्जन | नाम | गर्ज+अन | ठूलो आवाजले कराउने काम, गर्जने काम, गर्जाइ, हप्कीदप्की, खप्की | ८० | |
| ध्वनित | विशेषण | ध्वन्+इत | साङ्केतिक, व्यञ्जित आवाजका रूपमा सुनिएको | ८० | |
| ध्वनि | नाम | ध्वन्+इ | सुन्न सकिने आवाज, शब्द वा स्वर , व्यञ्जना शक्तिद्वारा बुझिने अर्थ | ८० | ४ |
| मग्न | विशेषण | मज्+न | डुबेको, मस्त, कुनै काम विषय चिन्तन आदिमा एकोहोरोसित लागेको | ८० | २ |
| निस्तब्ध | विशेषण | नि+स्तब्ध | हल्ला नभएको, सुनसान, निश्चल | ८० | |
| विशृङ्खल | विशेषण | वि+शृङ्खल | सिलसिलाविनाको, क्रमभङ्ग | ८० | |
| मधुर | विशेषण | मूल शब्द | मिठो, गुलियो, स्वादिलो | ८० | |
| कल्पना | नाम | कल्प+अन+आ | कुनै विषयमा उब्जिने मनको भावना, देखेको वा नदेखेको कुनै कुराको मानसिक चित्र (विम्ब), अड्कल, अनुमान, आशा, अन्दाज, अपेक्षा | ८० | |
| पर्यन्त | नामयोगी | परि+अन्त | सम्म, तक | ८० | |
| प्रयत्न | नाम | प्र+यत्न | कुनै कामका लागि गरिने चेष्टा, तत्परता, प्रयास, | ८० | ३ |

| | | | | | |
|---|---|---|---|---|---|
| मूक | विशेषण | मूल शब्द | बोल्न नसक्ने, निमुखा, लाटो | ८० | ३ |
| सहानुभूति | नाम | सह+अनुभूति | अरूको दुःख देख्दा दुखित हुने अवस्था, अरूको पीडामा हुने दुःखको अनुभूति, समवेदना | ८० | |
| नीरव | विशेषण | निर्+रव | आवाज वा होहल्ला नभएको सुनसान, निर्जन, निश्शब्द | ८० | |
| मन्द | विशेषण | मूल शब्द | कम, थोरै | ८० | |
| निरुद्विग्न | विशेषण | नि+उद्विग्न | नहडबढाईएको, शाान्त | ८० | |
| निर्विकार | विशेषण | निर्+विकार | विकार नहुने, नबदलिने, परिवर्तन नभएको | ८० | |
| अव्यक्त | विशेषण | अ+व्यक्त | व्यक्त नगरिएको, नदेखिएको, अप्रत्यक्ष | ८१ | २ |
| उल्लास | नाम | उत्+लास | हर्ष, आनन्द, खुसियाली | ८१ | |
| पीडा | नाम | पीड्+आ | शरीरमा प्रहार तथा आघात पर्दा हुने दर्द, वेदना, कष्ट | ८१ | ३ |
| मिश्रण | नाम | मिश्र+अन | विभिन्न बस्तु मिसाउने काम, छ्यासमिस | ८१ | २ |
| प्रवाहित | विशेषण | प्रवाह+इत | बगेको, बहेको वा बगाइएको, प्रचारित, प्रसारित, वहन गरिएको | ८१ | |
| मूल | नाम | मूल शब्द | फेद, स्तम्भ, स्रोत, उत्पतिस्थल , बोट | ८१ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बिरुवाको जरो वा जरामा फल्ने कन्द | | |
| आकाङ्क्षा | नाम | आ+काङ्क्षा | इच्छा, चाहना, अभिलासा | ८१ | |
| हृदय | नाम | हृत्+अय | मुटु, अन्तष्करण, मन, दया, माया, भावुकता | ८१ | ६ |
| आर्द्र | विशेषण | मूल शब्द | भिजेको, ओसिएको, चिसो | ८१ | २ |
| प्रश्न | नाम | प्रच्छ+न | जान्ने इच्छाले सकैलाई सोध्ने काम, समस्या, चुनौती | ८१ | ५ |
| गृहस्थी | विशेषण | गृहस्थ+ई | घरबार गरेर बस्ने ( व्यक्ति), गृहस्थ, घरव्यवहार, घरबार | ८१ | |
| कर्तव्य | नाम | कृ+तव्य | नैतिक, समाजिक, धार्मिक, प्रशासनिक, कानुनी आदि दृष्टिले गर्नु पर्ने भनी तोकिएको काम, गर्नु पर्ने वा गर्न लायक कार्य, असल आचरण, उचित व्यवहार | ८१ | |
| प्रेम | नाम | प्री+इम | आत्मीयता,प्यार,दया,माया | ८१ | |
| कार्य | नाम | कृ+य | कसैले गरेको काम, काज, क्रिया,इलम,पेसा, कर्तव्य, धार्मिक,अनुष्ठान,प्रयोजन | ८१ | |
| अस्वाभाविकता | नाम | अ+स्वाभाविक+ता | कृतिमता, बनावटीपन, अप्राकृतिकता | ८१ | |
| शङ्का | नाम | शङ्क+आ | खराब हुन्छ कि भन्ने डर, | ८१ | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| विश्लेषण | नाम | वि+श्लिष्+अन | आशङ्का, सन्देह, कुनै कुराप्रतिको द्विविधा,दोधार, जोडिएको वा संयोजन भएको वस्तुमा रहेका विभिन्न तत्त्वलाई छुट्याउने, केलाउने काम | ८१ | |
| जीवन | नाम | जीव+अन | आयु, जिन्दगी, प्राण, ज्यान, प्राणीको जन्मदेखि मृत्युसम्मको अवधि | ८१ | ७ |
| अन्त | नाम | मूल शब्द | कुनै विषय, कार्य वा प्रक्रियाको अन्त्य, समाप्ति वा अन्तिम बिन्दु, कुनै वस्तुको आखिरी वा अन्तिम भाग, टुङ्गो | ८१ | |
| विधिविधान | नाम | विधि+विधान | प्रचलित ऐनकानुन वा विधान, धर्मशास्त्र, आचारशाास्त्रले निर्देश गरेको व्यवस्था वा सो अनुसारको प्रचलन, दैवको विधान | ८१ | |
| स्वागत | नाम | सु+आगत | सम्मान, सत्कार, आगन्तुक, पाहुना मान्यजन आदि आउन लाग्दा देखाइने तत्परता | ८१ | ४ |
| शक्ति | नाम | शक्+ति | व्यक्ति, प्राणी आदिमा हुने क्षमता, सामर्थ्य, बल, | ८१ | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सम्पति, पद, प्रतिष्ठा, सत्ता आदिको प्रभाव, देवता, मन्त्र, जादु, टुना आदिको रहस्यमय प्रभाव, हावा, घाम, बिजुली, दाउरा, तेल आदिको ताप | | |
| तृष्णा | नाम | तृष्+न+आ | तिर्खा, प्यास, चाहना, लालसा, उत्कण्ठा | ८१ | २ |
| अभ्यस्त | विशेषण | अभि+अस्त | अभ्यास गरिएको,निपुण | ८१ | |
| गृहिणी | नाम | गृह+इनी | घरकी मालिक्नी, घरपतीकी पत्नी, पत्नी | ८१ | २ |
| अभिशाप | नाम | अभि+शाप | सराप, श्राप, आरोप, दोष | ८१ | |
| पति | नाम | मूल शब्द | बिबाहित महिलाको लोग्ने, पोइ | ८१ | २ |
| छिद्र | नाम | मूल शब्द | प्वाल, छिँड, दुलो | ८१ | |
| नारी | नाम | नर+ई | महिला, स्त्री | ८१ | ६ |
| प्रति | नामयोगी | मूल शब्द | तर्फ, तिर,पट्टि, उपर, बारे, सम्बन्धमा | ८१ | ४ |
| मात्र | निपात | मूल शब्द | खाली, केवल, एक्लै भन्ने आशयमा प्रयोगमा आउने शब्द | ८२ | २ |
| पत्नी | नाम | पति+नी | कसैकी बिबाहिता स्त्री, स्वास्नी, जोई, श्रीमती | ८२ | २ |
| विश्व | नाम | मूल शब्द | पृथ्वीको सम्पूर्ण भाग, संसार, जगत | ८२ | |
| शुष्क | विशेषण | शुष्+क | राप, ताप आदिले सुकेको, | ८२ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सुक्खा, नीरस, बिरसिलो, झर्को लाग्ने, रुखो, कर्कश | | |
| निर्जीव | विशेषण | निर्+जीव | जीवन नभएको, प्राणहीन,मरेको, मृत | ८२ | |
| उदासीनता | नाम | उदासीन+ता | उदासीन अवस्था, असंलग्नता, निरपेक्षता, विरक्ति, खिन्नता, वेवास्ता, निष्क्रियता | ८२ | |
| महान् | विशेषण | महत् | ठूलो, विशाल, व्यापक | ८२ | |
| शून्यता | नाम | शून्य+ता | शून्य हुँदाको स्थिति, रित्तोपन, निर्जनता | ८२ | |
| सुखद | विशेषण | सुख+द | सुख दिने, आनन्ददायी | ८२ | २ |
| प्रसन्नता | नाम | प्रसन्न+ता | प्रसन्न व्यक्तिमा हुने विशेषता, सन्तुष्टि, सन्तोष, खुशी, हँसिलोपन | ८२ | |
| सञ्चित | विशेषण | सम्+चि+त | सञ्चय गरिएको, जम्मा गरिएको, बटुलिएको | ८२ | २ |
| अन्ततः | क्रियायोगी | अन्त+तः | अन्त्यमा, आखिरमा | ८२ | |
| अभीप्सित | विशेषण | अभीप्सा+इत | प्रबल रुपमा इच्छा गरिएको | ८२ | |
| स्वच्छ | विशेषण | सु+अच्छ | सफा, फोहोर नभएको | ८२ | |
| किरण | नाम | मूल शब्द | सूर्य, चन्द्रमा आदिबाट निस्कने चम्किलो रेखा, प्रकाश, ज्योति | ८२ | |
| उद्विग्न | विशेषण | उत्+विग्न | आवेग तथा संवेगले आकुल, व्याकुल, डर | ८२ | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | तथा त्रासले आतङ्कित, चिन्तित, सन्तप्त | | |
| परिणामस्वरुप | क्रियायोगी | परिणाम+स्वरुप | परिणामको रुपमा, फलस्वरुप | ८२ | |
| वेदना | नाम | विद्+अन+आ | मनमा छुने पीडा, मनोव्यथा,पीडाको अनुभव | ८२ | २ |
| रोम | नाम | मूल शब्द | रौं | ८२ | |
| रुदन | नाम | रुद्+अन | रोदन | ८२ | ४ |
| अक्षर | नाम | मूल शब्द | वर्णमालाको वर्ण वा लिपिचिन्ह, ननासिने, अविनाशी | ८२ | |
| निर्बल | विशेषण | निर्+बल | बल वा शक्ति नभएको, दुर्बल, कमजोर | ८३ | |
| उत्सर्ग | नाम | उत्+सर्ग | असल कार्यका लागि केही कुरा त्याग्ने काम, दान, परित्याग,समर्पण,वलिदान | ८३ | |
| परिमाण | नाम | परि+मान | तौल, मात्रा, संख्या, कुनै वस्तुठाउँ आदिको लम्बाइ, चौडाइ, मोटाइ, उचाइ आदिको नापो | ८३ | |
| यात्रा | नाम | या+त्र+आ | एक ठाउँबाट अर्को ठाउँमा पुग्ने वा आउने जाने काम, भ्रमण, पर्यटन, प्रस्थान, गमन | ८३ | ३ |
| शेष | विशेषण | शिष् | बचेको, बाँकी रहेको, अवशिष्ट, | ८३ | |

| | | | | | |
|---|---|---|---|---|---|
| परिवर्तन | नाम | परि+वृत्+अन | फेरबदल, रुपान्तरण, सुधार | ८३ | |
| व्यवसाय | नाम | वि+अव+साय | जिवन निर्वाहका लागि गरिने काम, इलम, उद्यम, पेसा | ८३ | |
| सुकुमार | विशेषण | सु+कुमार | कोमल, नरम, मुलायम | ८३ | |
| स्मृति | नाम | स्मृ+ति | सम्झना, स्मरण, हेक्का | ८३ | |
| क्षणिक | विशेषण | क्षण+इक | एकछिनको, अस्थायी | ८३ | |
| स्वप्न | नाम | स्वप्+न | सपना, कल्पित दृश्य, निदाएको अवस्था | ८३ | |
| स्वप्निल | विशेषण | स्वप्न+इल | सपनमा देखिने, काल्पनिक | ८३ | |
| सार्थकता | नाम | सार्थक+ता | अर्थ हुँदाको स्थिति, अर्थपूर्णता, उपयोगिता, सफलता | ८३ | |
| शान्त | विशेषण | शम्+त | शान्ति भएको, हल्ला नभएको, चुपचाप, मौन, एकाग्र, स्थिर, रिसराग नभएको, सौम्य, सुशील, साम्य, निश्चल | ८३ | |
| क्लान्त | विशेषण | मूल शब्द | थाकेको , गलेको, थकित | ८३ | २ |
| प्रतीक | नाम | प्र+तिक | चिनो, निसाना, सङ्केत, खासवस्तु विषय दृष्य आदिलाई जनाउनका लागि प्रयोग गरिने अर्को वस्तु | ८३ | |

| | | | | | |
|---|---|---|---|---|---|
| व्यर्थ | विशेषण | वि+अर्थ | अर्थ वा महत्व नभएको, निरर्थक, निष्प्रयोजन | ८३ | |
| मिथ्या | नाम | मूल शब्द | ढाँट कुरा, झुठ | ८३ | २ |
| आद्रता | नाम | आर्द्र+ता | चिसोपन, ओसिलोपन | ८३ | २ |
| आर्त | विशेषण | मूल शब्द | आपत्मा परेको, दुःखी, निमुखा, पीडित | ८३ | |
| सम्बद्ध | विशेषण | सम्+बद्ध | सम्बन्ध भएको, जोडिएको, गाँसिएको | ८३ | |
| अभ्यन्तर | नाम | अभि+अन्तर | भित्री भाग, मध्यभाग, गुप्त स्थान | ८३ | |
| आद्यन्त | क्रियायोगी | आदि+अन्त | सिरान देखि पुछारसम्म, आदि देखि अन्त्यसम्म | ८३ | |
| रक्त | नाम | मूल शब्द | रगत | ८४ | |
| अतीत | विशेषण | मूल शब्द | वितेको, व्यतीत, विगत, उहिलेको, भूत, पुरानो | ८४ | |
| कठोर | विशेषण | मूल शब्द | काम गर्न असजिलो, कठिन, कडा, कर्कश, दृढ | ८४ | |
| दीर्घ | नाम | मूल शब्द | उच्चारण गर्दा बढी समय लाग्ने वर्ण वा मात्रा, लामो, विशाल, ठूलो | ८४ | ३ |
| चूर्ण | नाम | मूल शब्द | कुटेर वा पिँधेर बनाइएको धूलो | ८४ | |
| अङ्गप्रत्यङ्ग | नाम | अङ्ग+प्रत्यङ्ग | हरेक अङ्ग, शरीरका सबै अङ्ग, शरीरका अङ्ग-उपाङ्ग | ८४ | |
| उद्देश्य | नाम | उत्+दिश्+य | कामका लागि लिइने | ८५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | लक्ष्य, ध्येय | | |
| उमङ्ग | नाम | मूल शब्द | काममा लाग्दाको जोस, उत्साह, हौसला, फुर्ती | ८५ | |
| उत्साह | नाम | उत्+सह | कुनै कार्यका निम्ति मनमा उब्जने, जोस, जाँगर | ८५ | |
| निहित | विशेषण | नि+हित | भित्र रहेको तथा भएको, अन्तर्निहित | ८५ | २ |
| परिचित | विशेषण | परि+चि+त | परिचय भएको, चिनारी, पहिचान भएको | ८५ | २ |
| प्रिय | विशेषण | प्रि+य | मनपर्ने, प्यारो, स्नेही, मायालाग्दो, हितकारी, मनमोहक, मधुर , भलाइ | ८५ | २ |
| भयानक | विशेषण | भय+आनक | डरलाग्दो | ८५ | |
| विलुप्त | विशेषण | वि+लुप्त | लुप्त, लोप भएको, अपहरण गरिएको | ८५ | |

'त्यो फेरि फर्कला ?' कथामा २३६४ ओटा शब्द प्रयोग भएका छन् । ती शब्दहरूमध्ये १६५ ओटा (६.९८%) तत्सम शब्द रहेका छन् । यस कथामा प्रयोग भएका तत्सम शब्दको वर्ग, संख्या र प्रतिशत निम्नबमोजिम रहेको पाइयो ।

**तालिका नं.- २.१**

| शब्दवर्ग | संख्या | प्रतिशत | शब्दवर्ग | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| नाम | ९७ | ५८.७९ | विशेषण | ६० | ३६.३६ |
| क्रियायोगी | ४ | २.४२ | नामयोगी | ३ | १.८२ |
| निपात | १ | ०.६१ | | | |

यस कथामा आवृत्ति भएका तत्सम शब्द निम्नबमोजिम रहेको पाइयो ।

**तालिका नं.- २.२**

| शब्द | आवृत्ति | शब्द | आवृत्ति |
|---|---|---|---|
| क्रमशः | २ | क्षीण | २ |
| पथ | ३ | अविराम | २ |
| जगत् | २ | यात्री | २० |
| यौवन | ५ | द्वार | ५ |
| स्वर | ६ | पर्वत | २ |
| सन्तोष | २ | दृष्टि | २ |
| बालिका | २ | सङ्कोच | २ |
| अङ्ग | २ | शरीर | २ |
| ध्वनि | ४ | मग्न | २ |
| प्रयत्न | ३ | मूक | ३ |
| अव्यक्त | २ | पीडा | ३ |
| मिश्रण | २ | हृदय | ६ |
| आर्द्र | २ | प्रश्न | ५ |
| शङ्का | २ | जीवन | ७ |
| स्वागत | ४ | शक्ति | २ |
| तृष्णा | २ | गृहिणी | २ |
| पति | २ | नारी | ६ |
| प्रति | ४ | मात्र | २ |
| पत्नी | २ | सुखद | २ |
| सञ्चित | २ | उद्विग्न | २ |
| वेदना | २ | रुदन | ४ |
| यात्रा | ३ | क्लान्त | २ |
| मिथ्या | २ | आद्रता | २ |

| | | | |
|---|---|---|---|
| दीर्घ | ३ | निहित | २ |
| परिचित | २ | प्रिय | २ |

**निष्कर्ष**मा यस शोधकार्यअन्तर्गत 'त्यो फेरि फर्कला ?' कथामा प्रयोग भएका १६५ ओटा तत्सम शब्दको अध्ययनबाट प्राप्त तथ्य शाब्दिकरूपमा र तथ्याङ्क संख्यात्मकरूपमा प्रस्तुत गरिएको छ ।

**छलफल/व्याख्याः**

यस शोधकार्यको परिणामबाट 'त्यो फेरि फर्कला ?' कथामा प्रयोग भएका १६५ ओटा तत्सम शब्दको अध्ययन गर्दा नाम वर्गमा ९७ ओटा (५८.७९%), विशेषण ६० (३६.३६%), क्रियायोगी ४ (२.४२%), नामयोगी ३ (१.८२%), र निपात १ (०.६१%), रहेको पाइयो । यसरी हेर्दा 'नाम' शब्द सबैभन्दा बढी र त्यस पछि 'विशेषण' शब्द प्रयोग भएको पाइयो भने अन्य शब्द न्युनमात्रामा प्रयोग भएको पाईएको छ । यस कथामा प्रयोग भएका तत्सम शब्दहरूमध्ये ५० ओटा तत्सम शब्द आवृत्ति भएका छन् । ती शब्द मध्ये 'यात्री' शब्द सबैभन्दा बढी २० पटक आवृति भएको पाईएको छ ।

**निष्कर्ष**मा छलफल तथा व्याख्याबाट आएको नतिजा अनुसार नाम र विशेषण शब्द बढी प्रयोग भएको र 'यात्री' शब्द बढी आवृत्ति भएको व्याख्या र विश्लेषण गरिन्छ ।

### ४.१.३ कक्षा १२ को नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट 'विरहिणी दमयन्ती' कथामा प्रयोग भएका तत्सम शब्द-

'विरहिणी दमयन्ती' कथाका कथाकार मदनमणि दीक्षितको जन्म वि.स १९७९ फागुन ६ गते, काठमाण्डौमा भएको थियो भने मृत्यृ वि.सं. २०७६ श्रावण ३० गते भएको थियो । दीक्षितको शिक्षा एम.ए.र सेवा पत्रकारिता थियो । यिनको पहिलो रचना 'आखिरी मुस्कान' कथा २०१७ भदौमा 'समीक्षा' प्रत्रिकामा प्रकाशित, कथा सङ्ग्रह- 'कसले जित्यो कसले हा-यो' (२०२१), ग्यास च्याम्बरको मृत्यु (२०४२), जेण्डा (२०५१), उपन्यास- माधवी (२०३९), मेरी नीलिमा (२०५०), त्रिदेवी (२०५१), निबन्ध सङ्ग्रह- चरैवेती (२०४४), त्यो युग ( २०४६),

निबन्ध- हाम्रा ती दिन (२०२७), म रुँदै बिर्सन्छु (२०२७), अन्य कृति- बर्लिन डायरीका पाना (२०४१), लाखौं शिशुहरू लिफ्ट मागिरहेछन् (२०३१), मेरी आमाको प्रश्नलाई आज जवाफ चाहिएको छ (लेख- २०२९), दसलाख हिरोसिमातिर (२०४०), सीता र द्रौपदी (२०४९), गार्गी (२०४९), स्वर्णविहारको मन्दिर, (जापानी उपन्यासको अनुवाद २०४३) रहेका छन् । यिनका कथामा विषयगत गहनता र विविधता पाइन्छ (ढुङ्गेल र दाहाल, २०६८ः पृ. १२१) ।

यस कथामा प्रयोग भएका तत्सम शब्दको वर्ग, व्युतपति, अर्थ र आवृत्तिलाई निम्नबमोजिम प्रस्तुत गरिएको छ-

**तालिका नं.- ३**

| **शब्द** | **वर्ग** | **व्युत्पति** | **अर्थ** | **पृष्ठ** | **आवृत्ति** |
|---|---|---|---|---|---|
| परित्याग | नाम | परि+त्याग | पूर्ण रुपमा छोड्ने काम, सम्पूर्ण त्याग, परित्याग | १४ | २ |
| विदीर्ण | विशेषण | वि+दृ+न | फोरिएको, छिन्नभिन्न, चिरिएको, छियाछिया | १४ | |
| हृदय | नाम | हृत्+अय | मुटु, अन्तष्करण, मन, दया, माया, भावुकता | १४ | ६ |
| कोमालङ्ग | विशेषण | कोमल+अङ्ग | कोमल अङ्ग भएको, सुकुमार | १४ | |
| वैदर्भी | विशेषण | विदर्भ+ई | विदर्भ देशसँग सम्बन्धित, विदर्भको | १४ | |
| प्रियतम | विशेषण | प्रिय+तम | सबभनदा प्यारो, ज्यादै प्रिय, मनपर्ने, प्यारो, स्नेही, मायालाग्दो | १४ | |
| आनन्दित | विशेषण | आनन्द+इत | आनन्दले युक्त, आनन्दमा मग्न, हर्षित, प्रसन्न | १४ | |
| पिता | नाम | मूल शब्द | आफूलाई जन्म दिने व्यक्ति, | १४ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बुबा, बाबु, जन्मदाता | | |
| अश्रुधारा | नाम | अश्रु+धारा | आँसुको धारा वा प्रवाह | १४ | |
| मृग | नाम | मूल शब्द | घाँसपात खाने एक प्रकारको जङ्गली जनावर,हरिण, मिर्ग | १४ | ४ |
| वियोग | नाम | वि+योग | मन परेको व्यक्तिबाट कुनै कारणले छुट्टिएको अवस्था, विछोड, बिरह, | १४ | |
| उत्कट | विशेषण | उत्+कट | ज्यादै बढी,अत्यन्त कडा | १४ | |
| भस्मीभूत | विशेषण | भस्म+ई+भूत | डढेर खरानी भएको, खाग भएको | १४ | |
| विक्षिप्त | विशेषण | वि+क्षिप्त | दिमाग बिग्रिएको, पागल, व्याकुल, अतालिएको | १४ | |
| शिथिल | विशेषण | श्लथ+इल | नकसिएको, खुकुलो, थाकेको, दुर्बल | १४ | २ |
| आश्रय | नाम | आ+श्रय | कुनै वस्तु वा व्यक्तिको आड, आधार,सहारा, कसैलाइ दिने संरक्षण, शरण, विश्राम, वास,ओत | १४ | |
| शून्य | विशेषण | शूना+य | केही नभएको, खाली, रित्तो, सुनसान | १४ | २ |
| आकाश | नाम | आ+काश | पृथ्वीमाथिको खुला वा खाली ठाउँ, सगर, अकास, कुनै वस्तुका बिचको अन्तराल, शून्य | १४ | ४ |
| अर्थ | नाम | मूल शब्द | धन, सम्पति, वित्त, कुनै शब्दले सङ्केत गर्ने मतलब | १४ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | वा माने | | |
| नारी | नाम | नर+ई | महिला, स्त्री | १४ | १२ |
| वक्षस्थल | नाम | वक्ष+स्थल | छाती | १४ | |
| बलिष्ठ | विशेषण | बल+इष्ठ | धेरै बलियो, अति द-यो | १५ | |
| पुरुष | नाम | मूल शब्द | लोग्ने मान्छे, नर जाति, भाले जाति, श्रोता र विषयको सन्दर्भ जनाउने सर्वनामको कोटि | १५ | ८ |
| कामुक | विशेषण | काम+उक | काम वासनाले लट्ठ, सम्भोगको बढ्ता इच्छा गर्ने, कामी, कामेच्छा जगाउने, सेक्सी मोहक | १५ | २ |
| रक्षा | नाम | रक्ष+आ | हानि, सङ्कट वा समस्याबाट जोगाउने तथा बचाउने काम, सुरक्षा, हिफाजत | १५ | ४ |
| पूर्णतः | क्रियायोगी | पूर्ण+तः | पूर्ण रूपमा,पुरापुर,पुरा नै | १५ | |
| असहाय | विशेषण | अ+सहाय | सहायता नपाएको, कसैले साथ नदिएको, अनाथ,सहायता नभएको | १५ | |
| शान्त | विशेषण | शम्+त | शान्ति भएको, सुनसान, हल्ला नभएको, चुपचाप, मौन, एकाग्र, स्थिर, रिसराग नभएको, सौम्य, सुशील, साम्य, निश्चल | १५ | ३ |
| विचार | नाम | वि+चार | कुनै विषय समस्या आदिका बारेमा सोचिएको कुरो, | १५ | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | चिन्तन, मनन, अनुभूति,सोच | | |
| विजय | नाम | वि+जय | युद्ध वा प्रतियोगितामा हुने जित, सफलता | १५ | |
| सुखासन | नाम | सुख+आसन | सजिलो बसाइ, योगका विभिन्न आसनमध्ये एक आसन, साधारण पलेटी | १५ | |
| सुन्दरी | नाम | सुन्दर+इ | सुन्दर स्त्री | १५ | |
| संयोग | नाम | सम्+योग | दुइ वा दुईभन्दा बढी वस्तु जोड्ने वा जोडिने काम, मेल, योग, संयुक्ति | १५ | २ |
| त्रास | नाम | त्रस् | डर, भय, झस्को, आशङ्का | १५ | |
| दुष्टात्मा | विशेषण | दुष्ट+आत्मा | दुराचारी, पापी | १५ | |
| संयत | विशेषण | सम्+यत | संयममा रहेको, मर्यादित, अनुशासित, व्यवस्थित | १५ | |
| पति | नाम | मूल शब्द | बिबाहित महिलाको लोग्ने, पोइ | १५ | |
| हरण | नाम | हृ+अन | कसैको धन, माल आदि खोस्ने काम, अपहरण, खोस्ने काम, भगाउने काम | १५ | |
| प्रसन्न | विशेषण | प्र+सत्+न | खुशी भएको, हर्षित, आनन्दित, सन्तुष्ट, हँसिलो, उज्यालो | १५ | २ |
| रक्षक | नाम | रक्ष+अक | हेरचाह वा बचाउ गर्ने व्यक्ति, सुरक्षा दिने, संरक्षक | १५ | |
| सन्तुष्ट | विशेषण | सम्+तुष्ट् | प्रसन्न, चित्त बुझेको | १५ | |
| प्रकट | नाम | प्र+कट | बाहिर देखिएको वा निस्केको, | १५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रत्यक्ष, उत्पन्न, व्यक्त गर्ने काम, स्पष्ट पार्ने काम | | |
| मात्र | निपात | मूल शब्द | खाली, केवल, एक्लै भन्ने आशयमा प्रयोगमा आउने शब्द | १५ | २ |
| मदिरा | नाम | मदिर+आ | पिउँदा मात लाग्ने नसालु वस्तु, मादक पदार्थ | १५ | |
| नरनारी | नाम | नर+नारी | पुरुष र महिला, पुरूष र स्त्री | १५ | ६ |
| पूर्व | नाम | मूल शब्द | सूर्य, चन्द्रमा आदि ग्रह उदाउने दिशा, अघिल्तिर, सामुन्ने, पहिले, अगाडि | १६ | ६ |
| कर्तव्यविमूढ | विशेषण | कर्तव्य+विमूढ | कर्तव्य भुलेको, आफ्नो कर्ममा अन्योल रहेको, कर्तव्यबाट विमुख | १६ | |
| अपराजिता | विशेषण | अ+पराजित | जित्न नसकिने, पराजय गर्न नसकिने | १६ | |
| पराजित | विशेषण | परा+जित | युद्ध, खेल, प्रतियोगिता आदिमा हारेको, हरुवा | १६ | |
| निषाद | नाम | मूल शब्द | प्राचीन भारतको एक जाति | १६ | २ |
| एकात्मकता | नाम | एकात्मक+ता | अभिन्नता, एकता, मेल | १६ | |
| आक्रमण | नाम | आ+क्रम्+अन | बलपूर्वक गरिने हमला, चढाइ, धावा, कुनै भूभागको सीमामाथि गरिने अतिक्रमण, निस्चित नियम वा व्यवस्थामाथि हस्तक्षेप | १६ | |
| केश | नाम | मूल शब्द | टाउकामा उम्रने रौं, कपाल | १६ | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| विकृत | विशेषण | वि+कृत | विकृति आएको, बिग्रेको, सडेको, खराबी | १६ | ३ |
| परिचय | नाम | परि+चय | कुनै वस्तु व्यक्तिको पहिचान,चिनारी,सामान्य वर्णन, चिनापर्ची | १६ | ४ |
| मस्तिष्क | नाम | मस्त+इष्+क | दिमाग, मगज, गिदी, विचार गर्ने शक्ति | १६ | |
| शरीर | नाम | मूल शब्द | अङ्ग प्रत्यङ्ग मिलेर बनेको प्राणीको आकृति, जिउ, देह, कुनै वस्तुको बाहिरी आकार प्रकार | १६ | ४ |
| क्षतविक्षत | विशेषण | क्षत+विक्षत | धेरै घाउचोट लागेको, घाइते, तोडफोड भएको | १६ | २ |
| भविष्य | नाम | भू+(ई)+स्य | वर्तमान भन्दा पछिको समय, आगामी बेला, पछि हुने, भावी | १६ | |
| दिशा | नाम | मूल शब्द | पूर्व, पश्चिम, उत्तर, दक्षिणमध्ये कुनै एक वा सवैलाई बुझाउने शब्द | १६ | |
| मुग्ध | विशेषण | मुह+त | मोहमा परेको, लट्ठ परेको, वशमा परेको, वाल्ल, मोहित, मग्न | १६ | |
| कोमल | विशेषण | मूल शब्द | छाम्दा नरम र मुलायम, खाँदा कमलो, देख्दा र अनुभव गर्दा सुकुमार | १६ | |
| अवश्य | क्रियायोगी | अ+वश्य | निश्चय, पक्का भन्ने अर्थ बुझाउनका लागि वाक्यमा | १६ | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रयोग हुने शब्द, अरुले भनेको कुराको समर्थन जनाउन वाक्यको अगाडी आउने शब्द | | |
| विश्वास | नाम | वि+श्वास् | कुनै व्यक्ति वा उसको काममा भर पर्ने स्थिति, पत्यार वा भरोसा | १६ | |
| सूर्यास्त | नाम | सूर्य+अस्त | सूर्य अस्ताउने काम, घाम अस्ताइ | १६ | २ |
| सान्निध्य | नाम | सन्निधि+य | निकटता, समीपता, सामीप्य | १६ | |
| आनन्द | नाम | आ+नन्द | मनमा अनुभव हुने खुशीयाली, हर्ष, प्रसन्नता, सुख, सहजता | १६ | |
| उल्लासमय | विशेषण | उल्लास+मय | खुसियालीले भरिएको, हँसिलो, खुसीलो | १६ | |
| मनोदशा | नाम | मनस्+दशा | मनको अवस्था,मनस्थिति | १६ | |
| सामीप्य | नाम | समीप+य | समिपमा रहँदाको अवस्था, निकटता, सान्ध्यि,आत्मीयता,नजिक | १६ | |
| आत्मनियन्त्रण | नाम | आत्म+नियन्त्रण | आत्मसंयम | १६ | |
| मध्यरात | नाम | मध्य+रात | रातको पूर्वार्ध र उत्तरार्धका बिचको समय, आधारात, | १६ | ४ |
| तारामण्डल | नाम | तारा+मण्डल | ताराहरुको गोलाकार घेरो, ताराहरुको समूह | १६ | |
| मोहित | विशेषण | मुह+इत | मोहमा परेको, लोभिएको, लुब्ध | १६ | |
| आकाशगङ्गा | नाम | आकाश+गङ्गा | स-साना नक्षत्रहरुको समूह,तारापुञ्ज,निहारिका | १६ | |

| | | | | | |
|---|---|---|---|---|---|
| पृथ्वी | नाम | मूल शब्द | मानिस तथा अन्य विभिन्न जीवजन्तु रहेको सौरमण्डलको एक ग्रह, धरती, भूमि, माटो | १६ | |
| पीडा | नाम | पीड्+आ | शरीरमा प्रहार तथा आघात पर्दा हुने दर्द, वेदना, कष्ट | १६ | २ |
| विरहिणी | विशेषण | विरह+इनी | पति वा प्रेमीबाट बिछोड भएकी, वियोगिनी | १६ | |
| विह्वल | विशेषण | वि+ह्वल | पीडा,शोक,डर,चिन्ताआदिले मन अशान्त भएको, आत्तिएको, व्याकुल | १६ | |
| कुरुप | विशेषण | कु+रुप | नराम्रो अनुहारको, छाँट नपरेको, बिरुप | १६ | |
| आनन्ददायी | विशेषण | आनन्द+दायी | आरामदायी, सुखमय,आनन्द दिने | १७ | |
| ऋषि | नाम | मूल शब्द | आध्यीात्मक चिन्तन र साधनमा लागेका ठुला तपस्वी, मुनि, वैदिक मन्त्रका द्रष्टा तथा स्रष्टा | १७ | |
| आश्रम | नाम | आ+श्रम | ऋषिमुनिहरुको बासस्थान वा निवास, तपस्या गर्ने ठाउँ | १७ | |
| मानव | नाम | मनु | मनुका सन्तान, मान्छे, मानिस, मनुष्य | १७ | ३ |
| मयूर | नाम | मूल शब्द | मुजुर | १७ | |
| यक्षी | नाम | मूल शब्द | पुराणमा वर्णित एक प्रसिद्ध जातिकी स्त्री | १७ | |
| गन्धर्वी | नाम | मूल शब्द | गाउनमा निपुण एक प्राचीन | १७ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | जाति, गाइने | | |
| मानवी | नाम | मानव+ई | मानवकी स्त्री, स्वास्नीमान्छे | १७ | |
| मित्रता | नाम | मित्र+ता | मितेरी,दोस्ती,मैत्री,हार्दिकता, आत्मीयता, घनिष्ठता | १७ | |
| पीडित | विशेषण | पीड्+इत | पीडा, शोक, डर, चिन्ता आदिले मन अशान्त भएको,आत्तिएको, व्याकुल | १७ | |
| किरण | नाम | मूल शब्द | सूर्य, चन्द्रमा आदिबाट निस्कने चम्किलो रेखा, त्यसको प्रकाश, ज्योति | १७ | |
| शक्ति | नाम | शक्+ति | व्यक्ति, प्राणी आदिमा हुने क्षमता, सामर्थ्य, बल, सम्पति, पद, प्रतिष्ठा, सत्ता आदिको प्रभाव, देवता, मन्त्र, जादु, टुना आदिको रहस्यमय प्रभाव, हावा, घाम, बिजुली, दाउरा, तेल आदिको ताप वा रापबाट प्राप्त हुने उर्जा | १७ | |
| अस्पष्ट | विशेषण | अ+स्पष्ट | स्पष्ट नदेखिने, धमिलो, मधूरो, खुलस्त नभएको | १७ | |
| प्रौढ | विशेषण | प्र+वह+त | उमेर अनुभवका दृष्टिले पाको, परिपक्व, | १७ | |
| यथेष्ट | विशेषण | यथा+इष्ट | चाहेअनुसारको,इच्छाएबमोजिम | १७ | २ |
| गन्तव्य | नाम | गम्+तब्व्य | जानुपर्ने वा पुग्नुपर्ने ठाउँ, लक्ष्य, उद्देश्य, जानु पर्ने, पुग्नु पर्ने, जान योग्य | १८ | |

| | | | | | |
|---|---|---|---|---|---|
| वस्त्र | नाम | मूल शब्द | नसिलाएको लुगा कपडा, सिलाएको लुगा, पोसाक, देवी देवतालाई चढाइने वा कसैलाई दान दिने कपडा | १८ | ४ |
| अर्पित | विशेषण | अर्प+इत | अर्पण गरिएको, चढाइएको, सुम्पिएको, समर्पित | १८ | |
| स्नान | नाम | स्ना+न | नुहाउने काम, शरीरको नुहाइ, नुहाइ धुवाइ | १८ | २ |
| सन्ध्योपासना | नाम | सन्ध्या+उपासना | गायत्री मन्त्रको जप गर्ने काम | १८ | |
| विशाल | विशेषण | वि+शाल | आकारका दृष्टिले धेरै फैलिएको, विस्तृत, व्यापक, | १८ | |
| सरोवर | नाम | सरस्+वर | तलाउ, पोखरी, ताल | १८ | ८ |
| रमणीय | विशेषण | रम्+अनीय | मनलाई लोभ्याउने, सुन्दर, मनोरम, मनोहर | १८ | |
| युवक | नाम | युवन्+क | किशोर अवस्था पार गरेको पौढ अवस्था नपुगेको पुरूष, सामान्यतः सोह्र वर्षमाथिको उमेरको, बैंस चढेको लोग्ने मान्छे, तरूण | १८ | |
| धनुर्धर | विशेषण | धनुस्+धर | धनुर्धारी, धनु लिने व्यक्ति, धनु चलाउनमा सिपालु व्यक्ति | १८ | |
| भाषा | नाम | भाष्+आ | उच्चरित ध्वनी वा लेख्यचिन्हहरू प्रयोग गरी समुदायमा बिचार आदान प्रदान गरिने प्रचलित माध्यम, बोली, जनजिब्रो, सञ्चारको | १८ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | माध्यम | | |
| चञ्चल | विशेषण | मूल शब्द | चकचक गर्ने, चकचके, छुक्छुके, अस्थिर, अधीर | १८ | |
| यात्री | नाम | यात्रा+ई | यात्रा गर्ने व्यक्ति, यात्रु, बटुवा | १८ | |
| जलक्रीडा | नाम | जल+क्रीडा | नदी, तलाउ आदिमा पौडी खेल्ने काम, जल विहार | १८ | |
| विश्राम | नाम | वि+श्रम | थकाइ मेट्न सुस्ताउने काम, थकाइ मार्ने काम, आराम, अडान, अवकाश, बिसौनी | १८ | ३ |
| स्वीकार | नाम | स्व+ई+कार | कसैले भनेको कुराको समर्थन, ग्रहण गर्ने काम मन्जुरी, समर्थन | १८ | |
| भोजन | नाम | भुज्+अन | खानेकुरा, खाद्य पदार्थ, खाने काम | १८ | |
| नाम | नाम | मूल शब्द | कुनै व्यक्ति, स्थान आदिलाई चिनाउने शब्द, नाउँ, संज्ञा | १८ | |
| मित्र | नाम | मि+त्र | साथी, दौंतरी, सँगती, सहयोगी, शुभचिन्तक, मित, भलो चिताउने | १८ | |
| निश्चल | विशेषण | निस्+चल | नचल्ने, नचटपटाउने, स्थिर, नबदलिने, अटल | १८ | |
| यक्ष | नाम | मूल शब्द | पुराणमा वर्णित एक प्रसिद्ध जाति, एक देवयोनी | १८ | |
| काशी | नाम | मूल शब्द | भारतको वनारसमा गङ्गाको किनारमा रहेको हिन्दुहरुको प्रसिद्ध तीर्थस्थल | १८ | |

| | | | | |
|---|---|---|---|---|
| पशु | नाम | मूल शब्द | चार खुट्टा र पुच्छर समेत हुने प्राणी, चौपाया, जनावर | १९ |
| विनष्ट | विशेषण | वि+नष्ट | नाश भएको, बिग्रेको, नष्ट, तोडफोड भएको | १९ |
| विनाश | नाम | वि+नाश | नाश, विध्वंस, संहार, तहसनहस, तोडफोठ | १९ |
| करुण | विशेषण | मूल शब्द | करुणा भएको, दयाले भरिएको, करुणामय, साहित्यका नौओटा रसमध्ये एक रस, शोक स्थायीभाव हुने रस | १९ |
| क्रन्दन | नाम | मूल शब्द | रुवाइ, चिच्याहछ | १९ |
| उन्मत्त | नाम | उत्+मत्त | पागल, बौलाहा | १९ |
| बीभत्स | नाम | बध् +स | साहित्यका नवरसमध्ये घृणा स्थायी भावहुने एक रस | १९ |
| अशुभ | विशेषण | अ+शुभ | शुभ नभएको, भलो नहुने, अनिष्टकारी | १९ |
| मृत | विशेषण | मृ+त | प्राण गएको, मृत्यु भएको, मरेको, निष्क्रिय | १९ |
| वैदिक | विशेषण | वेद+इक | वेदसँग सम्बन्धित, वेदमा उल्लेख भएको, वेदको, वेद पढेको, वेदमा आधारित | १९ |
| मन्त्र | नाम | मन्+त्र | वेदको ऋचा, अर्ति उपदेश, जप्दा असाधारण शक्ति प्राप्त हुने शब्द | १९ |
| ब्राह्मण | नाम | ब्रह्म+अन | बाहुन, हिन्दु समाजमा | १९ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रचलित चार वर्ण मध्ये पहिलो वर्ण | | |
| क्षेत्रीय | विशेषण | क्षेत्र+ईय | कुनै खास क्षेत्र वा प्रदेशसँग सम्बन्धित, प्रादेशित, क्षेत्रगत | १९ | |
| पत्नी | नाम | पति+नी | कसैकी बिबाहिता स्त्री, स्वास्नी, जोई, श्रीमती | १९ | २ |
| सूर्योदय | नाम | सूर्य+उदय | सूर्य उदाउने काम, घाम झुल्काइ, बिहान | १९ | |
| युवती | नाम | युवन्+ति | किशोर अवस्था पार गरेकी र पौढ अवस्था नपुगेकी नारी, जवान आइमाई, बैंस चढेकी स्त्री, तरुनी | २० | |
| कुशल | विशेषण | मूल शब्द | कुनै कार्यका लागि सिपालु, निपुण, दक्ष, आराम, मङ्गल | २० | |

'विरहिणी दमयन्ती' कथामा २०३४ ओटा शब्द प्रयोग भएका छन् । ती शब्दहरूमध्ये १३४ ओटा (६.५९%) तत्सम शब्द रहेका छन् । यस कथामा प्रयोग भएका तत्सम शब्दको वर्ग, संख्या र प्रतिशत निम्नबमोजिम रहेको पाइयो ।

**तालिका नं.- ३.१**

| शब्दवर्ग | संख्या | प्रतिशत | शब्दवर्ग | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| नाम | ८३ | ६१.९४ | विशेषण | ४८ | ३५.८२ |
| क्रियायोगी | २ | १.४९ | निपात | १ | ०.७५ |

यस कथामा आवृत्ति भएका तत्सम शब्द निम्नबमोजिम रहेको पाइयो ।

**तालिका नं.- ३.२**

| शब्द | आवृत्ति | शब्द | आवृत्ति |
|---|---|---|---|
| परित्याग | २ | हृदय | ६ |
| मृग | ४ | शिथिल | २ |
| शून्य | २ | आकाश | ४ |
| नारी | १२ | पुरुष | ८ |
| कामुक | २ | रक्षा | ४ |
| शान्त | ३ | विचार | २ |
| संयोग | २ | प्रसन्न | २ |
| मात्र | २ | नरनारी | ६ |
| पूर्व | ६ | निषाद | २ |
| केश | २ | विकृत | ३ |
| परिचय | ४ | शरीर | ४ |
| क्षतविक्षत | २ | अवश्य | २ |
| सूर्यास्त | २ | मध्यरात | ४ |
| पीडा | २ | मानव | ३ |
| यथेष्ट | २ | वस्त्र | ४ |
| स्नान | २ | सरोवर | ८ |
| विश्राम | ३ | पत्नी | २ |

**निष्कर्ष**मा यस शोधकार्यअन्तर्गत 'विरहिणी दमयन्ती' कथामा प्रयोग भएका १३४ ओटा तत्सम शब्दको अध्ययनबाट प्राप्त तथ्य शाब्दिकरूपमा र तथ्याङ्क संख्यात्मकरूपमा प्रस्तुत गरिएको छ ।

**छलफल/व्याख्याः**

यस शोधकार्यको परिणामबाट 'विरहिणी दमयन्ती' कथामा प्रयोग भएका १३४ ओटा तत्सम शब्दको अध्ययन गर्दा नाम वर्गमा ८३ ओटा (६१.९४%), विशेषण ४८ (३५.८२ %), क्रियायोगी २ (१.४९%) र निपात १ (०.७५%), रहेको पाइयो । यसरी हेर्दा 'नाम' शब्द सबैभन्दा बढी र त्यस पछि 'विशेषण' शब्द प्रयोग भएको पाइयो भने अन्य शब्द न्युनमात्रामा प्रयोग भएको पाईएको छ । यस कथामा प्रयोग भएका तत्सम शब्दहरूमध्ये ३४ ओटा तत्सम शब्द आवृत्ति भएका छन् । ती शब्द मध्ये 'नारी' शब्द सबैभन्दा बढी १२ पटक आवृति भएको पाईएको छ ।

**निष्कर्ष**मा छलफल तथा व्याख्याबाट आएको नतिजा अनुसार नाम र विशेषण शब्द बढी प्रयोग भएको र 'नारी' शब्द बढी आवृत्ति भएको व्याख्या र विश्लेषण गरिन्छ ।

## ४.१.४ कक्षा १२ को नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट 'मातृत्व' कथामा प्रयोग भएका तत्सम शब्द-

'मातृत्व' कथाका लेखक नारी सुलभ मानसिक्तालाई सुक्ष्म अनुभूतिद्वारा कथा लेख्ने कथाकार भागीरथी श्रेष्ठको जन्म वि.सं. २००५, रिडीबजार,गुल्मीमा भएको हो । वि.सं. २०२३ मा 'रूरू' पत्रिकाम 'प्रवल इच्छा' पहिलो कथा प्रकाशित गरी साहित्ययात्रा सुरुआत गरेकीहुन् । यिनका प्रकाशित कृतिहरू- मालती (२०३४), यौटा यस्तो आकाश (२०४६), क्रमशः (२०४४), मोहदंश (२०४४), विभ्रम (२०४९), रङ्गीन पोखरी (२०५०), भूमिगत (२०६२) हुन् । यिनीले लुम्बिनी अञ्चलस्तरीय साहित्य सम्मेलनमा स्पर्णपदक, रत्नश्री स्वर्णपदक (२०४३), मैनाली कथा पुरस्कार (२०४८), पुरस्कारबाट सम्मान पाएकी छन् । सरलता उनको विशेषता हो । भाषिक प्रभावकारिता उनका कथागत वैशिष्ट्य हो । यिनीका कथामा नारी समस्या अन्तर्गत खास गरी- विधवा, पुरुष शोषण, पुरुषले नारीलाई भोग्याका रूपमा मात्र लिने समस्याको चित्रण पाइन्छ (ढुङ्गेल र दाहाल, २०६८: पृ. १४८) ।

यस कथामा प्रयोग भएका तत्सम शब्दको वर्ग, व्युत्पति, अर्थ र आवृत्तिलाई निम्नबमोजिम प्रस्तुत गरिएको छ -

**तालिका नं.- ४**

| शब्द | वर्ग | व्युत्पति | अर्थ | पृष्ठ | आवृत्ति |
|---|---|---|---|---|---|
| शनिबार | नाम | शनि+वार | हप्ताको सातौ दिन वा अन्तिम बार | ९५ | |
| प्रश्न | नाम | प्रच्छ+न | जान्ने इच्छाले सकैलाई सोध्ने काम, समस्या, चुनौती | ९५ | ८ |
| सन्तोष | नाम | सम्+तुष् | सन्तुष्टि, तृप्ति | ९५ | |
| शङ्का | नाम | शङ्क+आ | खराब हुन्छ कि भन्ने डर, आशङ्का, कुनै कुराप्रतिको द्विविधा,अविश्वास | ९५ | ४ |
| पश्चाताप | नाम | पश्च+ताप | आफूले गरेको काम बिग्रँदा हुने खेद, पछुतो, थकथकी, प्रायश्चित | ९५ | |
| ग्लानि | नाम | मूल शब्द | शारीरिक र मानसिक थकान, मानसिक खेद वा पछुतो, निराशा | ९५ | |
| नेत्र | नाम | मूल शब्द | आँखा, नयन | ९५ | |
| अरुचि | नाम | अ+रुचि | खान नरुचेको स्थिति,अनिच्छा,वेवास्ता | ९५ | |
| विश्वास | नाम | वि+श्वास् | कुनै व्यक्ति वा उसको काममा भर पर्ने स्थिति, पत्यार वा भरोसा | ९५ | ६ |
| पूर्वाग्रह | नाम | पूर्व+आग्रह | कुनै व्यक्ति, विषय वा घटनाप्रति वास्तविक कुरा नबुझी पहिले राखिएको सोचाइ वा आग्रह, गलत विचार, गलत धारणा | ९५ | |
| पीडित | विशेषण | पीड्+इत | पीडा,शोक, डर, चिन्ता आदिले मन अशान्त भएको, आत्तिएको, व्याकुल | ९५ | |
| उपेक्षा | नाम | उप+इक्षा | बेवास्ता, अनादर, हेला | ९५ | |
| नैराश्य | नाम | निराश+य | निराशा | ९५ | |
| माया | नाम | मूल शब्द | आफुभन्दा सानाप्रति गरिने स्नेह, | ९५ | ३१ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ममता, आत्मीयता | | |
| सत्यता | नाम | सत्य+ता | साँचोपन,सच्याइ,यथार्थता,वास्तविकता | ९६ | |
| मस्तिष्क | नाम | मस्त+इष्+क | दिमाग,मगज ,विचार गर्ने शक्ति | ९६ | |
| अतीत | विशेषण | मूल शब्द | वितेको,व्यतीत,विगत,उहिलेको, भूत | ९६ | |
| दुःखदायी | विशेषण | दुःख+दायी | दुःख दिने, दुःख हुने, कष्टकर | ९६ | |
| आश्वासन | नाम | आ+श्वस्+अन | कसैको काम वा माग पूरा गरिदिने बचन,विश्वास दिलाउने काम,भरोसा | ९६ | |
| अत्यन्त | क्रियायोगी | अति+अन्त | ज्यादै, साह्रै, धेरै | ९६ | ३ |
| शून्यता | नाम | शून्य+ता | रित्तोपन, खालीपन, अभाव, सुनसान | ९६ | |
| रिक्तता | नाम | रिक्त+ता | रित्तो भएको स्थिति, रित्तोपन, खालीपन, सुनसान, शून्यता | ९६ | |
| अनुभव | नाम | अनु+भव | देखेर वा भोगेर आर्जन गर्ने ज्ञान, दक्षता, परिपक्वता | ९६ | ३ |
| अभाव | नाम | अ+भाव | कुनै वस्तु नहुँदाको स्थिति, शून्यता | ९६ | |
| असुरक्षित | विशेषण | अ+सुरक्षित | सुरक्षित नभएको, हेरविचार नपुगेको | ९६ | |
| सुरक्षा | नाम | सु+रक्षा | जोगाउने काम,बचाउने काम, रक्षा | ९६ | ३ |
| निर्मल | विशेषण | निर्+मल | दाग तथा खोट नभएको, दोष रहित, स्वच्छ, कञ्चन | ९६ | |
| आकाश | नाम | आ+काश | पृथ्वीमथिको खुल्ला वा खाली ठाउँ, सगर, शून्य ठाउँ | ९६ | २ |
| मानसिक | विशेषण | मनस्+इक | मनसम्बन्धी,मनको, मानस, दिमागी | ९६ | २ |
| शारीरिक | विशेषण | शरीर+इक | शरीर सम्बन्धी | ९६ | |
| सम्मान | नाम | सम्+मान | कसैलाई गरिने विशेष आदर, इज्जत, सत्कार, मेजमान, प्रतिष्ठा, कदर | ९६ | |
| सुख | नाम | मूल शब्द | मनमा हुने आननद, मनको शान्ति, खुशियाली, हर्ष | ९६ | ३ |

| | | | | | |
|---|---|---|---|---|---|
| सहानुभूति | नाम | सह+अनुभूति | अरूको दुःख देख्दा दुखित हुने अवस्था, अरूको पीडामा हुने दुःखको अनुभूति, समवेदना | ९६ | |
| व्यथा | नाम | व्यथ्+आ | शरीर वा मनमा हुने पीडा, चिन्ता, रोग, बिमार, बिसन्चो, कष्छ | ९६ | २ |
| पीडा | नाम | पीड्+आ | शरीरमा प्रहार तथा आघात पर्दा हुने दर्द, वेदना, कष्ट | ९६ | २ |
| ममता | नाम | मम+ता | मेरो भन्ने भावना, माया, स्नेह, | ९६ | १० |
| कल्पना | नाम | कल्प+अन+आ | कुनै विषयमा उब्जिने मनको अभाव, मानसिक चित्र | ९७ | |
| भावना | नाम | भाव्+अन+आ | मनमा उत्पन्न हुने कल्पना, अनुभूति | ९७ | २ |
| वर्ष | नाम | मूल शब्द | वर्ष, साल, १२ महिनाको समय वा सो अवधि, ३६५ दिनको समयावधि | ९७ | |
| देवता | नाम | देव+ता | स्वर्गमा बस्ने, कहिल्यै बुढो नहुने र नमर्ने ठानिएका प्राणी, अमर प्राणी, देव, देउता | ९७ | २ |
| अनुपम | विशेषण | अन्+उपमा | उपमा दिन नसकिने, तुलना हुन नसक्ने, अतुलनीय, सर्वश्रेष्ठ | ९७ | |
| उपहार | नाम | उप+हार | कोसेली,कसैलाई भेट हुँदा दिइने वस्तु | ९७ | |
| प्रेम | नाम | प्री+इम | आत्मीयता, प्यार, दया, माया | ९७ | |
| विचार | नाम | वि+चार | कुनै विषय समस्या आदिका बारेमा सोचिएको कुरो, चिन्तन, अनुभूति | ९७ | २ |
| निर्णय | नाम | निर्+नय | निष्कर्ष, छलफलबाट निस्केको कुरा | ९७ | |
| प्रतिष्ठा | नाम | प्रति+स्था | कुनै व्यक्ति, संस्था आदिको इज्जत, मानमर्यादा, ख्याति, कीर्ति | ९७ | |
| वैयक्तिक | विशेषण | व्यक्ति+इक | व्यक्तिसँग सम्बन्धित, व्यक्तिमा मात्र | ९७ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सीमित, व्यक्तिगत | | |
| मर्यादा | नाम | मूल शब्द | आचरण र व्यवहारको सीमा,नैतिकता | ९७ | |
| महत्व | नाम | महत्+त्व | कुनै कुराको विशेष उपयोगिता, जरुरत, आवश्यकता | ९७ | |
| पक्ष | नाम | मूल शब्द | वादविवाद,झगडा आदिमा विभिन्न प्रतिस्पर्धी समूहमध्ये कुनै एक | ९७ | २ |
| समाज | नाम | मूल शब्द | खास रहनसहन, रीति रिवाज, धर्म आदिबाट आबद्ध रहेका मानिसहरू समूह, खास उद्देश्य, रूचि वा व्यवसायसँग सम्बन्धित सङ्गठित वा असङ्गठित जमात | ९७ | ३ |
| परम्परा | नाम | परम्+परा | धेरै पहिलेदेखि चलिआएको प्रचलन, प्रथा | ९७ | ३ |
| समर्थन | नाम | सम्+अर्थ+अन | कसैको विचार, प्रस्ताव आदिलाई सही थाप्ने काम,स्वीकार, अनुमोदन | ९७ | |
| सम्भावित | विशेषण | सम्वभ+इत | आशा गरिएको, सम्भव हुने | ९७ | |
| प्रतिकार | नाम | प्रति+कार | कसैको गलत वा हानि हुने कार्यको विरुद्धमा गरिने गतिविधि, साटो फेर्ने, बदला लिने, प्रतिरोध, प्रत्युत्तर | ९७ | |
| धार्मिक | विशेषण | धर्म+इक | धर्ममा आधारित, धर्म सम्बन्धी, धर्म विषयको, धर्मकर्म गर्ने, धर्मात्मा | ९७ | |
| सामाजिक | विशेषण | समाज+इक | समाजमा हुने, समाजमा पाइने, समाजसँग सम्बन्धित | ९७ | |
| विधवा | नाम | वि+धव+आ | पति मरेकी स्त्री, एकल महिला | ९७ | २ |
| उपशङ्का | नाम | उप+शङ्का | शङ्का भएको कुरामा अझ शङ्का, थप शङ्का, झन शङ्का | ९७ | |

| | | | | | |
|---|---|---|---|---|---|
| मनमोहक | विशेषण | मन+मोहक | मनलाई लोभ्याउने, आकर्षक, सुन्दर | ९७ | |
| बन्धन | नाम | बन्ध+अन | बाँधने काम वा प्रक्रिया, बाँधने साधन, बन्देज, नियन्त्रण, रोक्का | ९७ | |
| सर्वस्व | नाम | सर्व+स्व | आफूसँग भएको सबै सम्पति, भएभरको धन,सिरीखुरी, लट्टीपट्टी | ९७ | |
| अपराध | नाम | अप+राध | कानुन बिरुद्धको आचरण, सामाजिक, धार्मिक आदि मर्यादाबाट विपरीत मानिने कार्य, कसुर, कुकृत्य | ९७ | ४ |
| रोदन | नाम | रुद्+अन | रुने काम, कराउने काम, चिच्याहट | ९७ | |
| कथा | नाम | कथ्+आ | घटना वा आख्यान भएको रचना, कहानी, बेली विस्तार, वृत्तान्त | ९७ | |
| ब्रह्माण्ड | नाम | ब्रह्म+अण्ड | ग्रह, तारा, नक्षत्र, अन्तरिक्ष आदिको सम्पूर्णतालाई बुझाउने शब्द, अनन्तलोक | ९७ | |
| स्वभाव | नाम | स्व+भाव | आफ्नोपन, निजीपन, निजत्व, बानी बेहोरा, गुण | ९८ | २ |
| व्यक्तित्व | नाम | व्यक्ति+त्व | खास व्यक्तिमा हुने विशिष्टता, व्यक्तिको निजी विशेषता, विशिष्ट व्यक्ति | ९८ | |
| साहस | नाम | मूल शब्द | कठिन काम गर्न सक्ने क्षमता, आँट, हिम्मत | ९८ | |
| गम्भीर | विशेषण | मूल शब्द | विचारका दृष्टिले गहिरो, गहन, धैर्यशाली, शान्त, जटिल | ९८ | |
| मूक | विशेषण | मूल शब्द | बोल्न नसक्ने, निमुखा, लाटो | ९८ | |
| अनुनय | नाम | अनु+नय | आफूभन्दा ठूलाबडा व्यक्ति समक्ष विनयपूर्वक गरिने अनुरोध | ९८ | |

| | | | | | |
|---|---|---|---|---|---|
| स्वर | नाम | मूल शब्द | व्यक्त वा अव्यक्त आबाज, उच्चारण अवमेवमा बाधा नपरी उच्चारण हुने वर्ण, गीत, सङ्गीत आदिको सुर, धुन | ९८ | ३ |
| गन्ध | नाम | मूल शब्द | नाकले थाहापाउने वास्ना, सुगन्ध | ९८ | |
| स्वास्थ्य | नाम | स्वस्थ+या | निरोगी हुँदाको अवस्था, शारीरिक तथा मानसिक स्वस्थता, आरोग्य, आराम, निरोगिता | ९८ | |
| प्रण | नाम | मूल शब्द | प्रतिज्ञा,दृढ निश्चय,अठोट, सङ्कल्प | ९८ | |
| नियन्त्रण | नाम | नि+यन्त्र+अन | निर्धारित ऐन वा नियम अनुसार कुनै कार्य वा गतिविधिको सञ्चालन, व्यवस्थापन वा नियमन गर्ने काम | ९८ | |
| आकर्षक | विशेषण | आ+कृष्+अक | आकर्षण गर्ने, खिच्ने वा तान्न सक्ने क्षमता भएको | ९८ | |
| जीवन | नाम | जीव+अन | आयु,जिन्दगी, प्राण, ज्यान, प्राणीको जन्मदेखि मृत्युसम्मको अवधि | ९८ | ९ |
| मात्र | निपात | मूल शब्द | खाली, केवल, एक्लै भन्ने आशयमा प्रयोगमा आउने शब्द | ९८ | ३ |
| किञ्चित् | विशेषण | किम्+चित् | अलिकति, थोरै | ९८ | |
| पति | नाम | मूल शब्द | बिबाहित महिलाको लोग्ने, पोइ | ९८ | २ |
| बाध्यतावश | क्रियायोगी | बाध्यता+वश | राजीखुशीविना, विवशताले | ९९ | |
| विद्यालय | नाम | विद्या+आलय | पाठशाला, विद्यार्थीलाई पढाउने सुविधा भएको शैक्षिक संस्था, | ९९ | |
| अप्रत्याशित | विशेषण | अ+प्रत्याशित | आशा वा अपेक्षा नगरिएको, अचानक भएको, आकस्मिक | ९९ | |
| शब्द | नाम | मूल शब्द | बोली, आवाज | ९९ | २ |
| संसार | नाम | सम्+सार | विश्व, पृथ्वीको सम्पूर्ण भूभाग, | ९९ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सम्पूर्ण दृश्य जगत् | | |
| स्वाभाविक | विशेषण | स्वाभाव+इक | स्वभावले हुने, स्वभाव अनुसारको, सहज, सामान्य, साधारण | ९९ | |
| विशेषता | नाम | विशेष+ता | रूप, गुण, मात्रा आदिका दृष्टिले कुनै वस्तुमा पाइने विशेष गुण, विशिष्टता, असाधारण गुण, विलक्षणता | ९९ | |
| व्यक्त | विशेषण | वि+अञ्ज+त | प्रकट भएको,स्पष्ट भएको, प्रकाशित, खुलस्त, भनिएको, प्रस्फुटित | ९९ | २ |
| अशान्त | विशेषण | अ+शान्त | शान्त नभएको,अस्थिर, होहल्ला हुने | १०० | |
| प्रवाह | नाम | प्र+वाह | पानीको धार,पानीको बहाव, हावाको बहाव,गति,निरन्तरता,प्रचार, प्रसार | १०० | |
| उदास | विशेषण | उत्+आस | दुःखकष्ट वा त्यसको आशङ्खाले खिन्न, चिन्तित | १०० | ३ |
| पावन | विशेषण | पू+अन | पवित्र, स्वच्छ, शुद्ध, चोखो, पवित्र पार्ने तथा चोख्याउने काम | १०० | |
| अधिकार | नाम | अधि+कार | हक, स्वामित्व, कानुनले तोकेको जिम्मेवारी, अख्तियार | १०० | २ |
| घृणा | नाम | मूल शब्द | मर्यादा विरुद्ध, अपमान, अनास्था | १०० | २ |
| आदेश | नाम | आ+देश | कुनै कामका लागि ठूलाले सानालाई दिइने आज्ञा, माथिल्लो दर्जाको व्यक्तिले आफुभन्दा तल्लो तहको कर्मचारी वा सर्वसाधारणलाई दिइने निर्देशन,वर्ण वा अक्षरको प्रतिस्थापन | १०० | २ |
| निर्जिव | विशेषण | निर्+जीव | जीवन नभएको,प्राणहीन,मरेको, मृत | १०१ | |
| सजीव | विशेषण | स+जीव | प्राण भएको, जीवित, प्राणधारी | १०१ | |
| निर्देशन | नाम | नि+दिश्+अन | निर्देश गर्ने काम, आदेश दिने काम, | १०१ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | देखाउने वा औंल्याउने काम | | |
| तर्कवितर्क | नाम | तर्क+वितर्क | तर्क गर्ने काम,विवाद वा छलफल, मनमा विचार खेलाउने काम | १०१ | |
| समाप्त | विशेषण | मूल शब्द | पूरा भएको, पूर्ण, पूरा | १०१ | |
| दृश्य | विशेषण | दृश्+य | आँखाले देख्न तथा हेर्न सकिने, वरिपरि देखिएको | १०१ | |
| सङ्कीर्ण | विशेषण | सम्+कीर्ण | चौडाइ कम भएको, फराकिलो नभएको, साँगुरो, खुम्चिएको | १०२ | |
| द्वन्द्व | नाम | मूल शब्द | दुई पक्षकाबिचको कलह, झगडा, संघर्ष, खिचातानी, तानातानी | १०२ | |
| भयङ्कर | विशेषण | भयम्+कर | डर उत्पन्न हुने, डरलाग्दो, भयानक | १०२ | २ |
| विक्षिप्त | विशेषण | वि+क्षिप्त | दिमाग बिग्रिएको, पागल, व्याकुल, अतालिएको | १०२ | |
| सङ्कटमय | विशेषण | सम्+कट | ठूलो विपत्ति, ज्यादै कष्टको स्थिति, सङ्कट ग्रस्त | १०२ | |
| वातावरण | नाम | वात+आवरण | आफू वरिपरिको परिवेश, जीवजन्तु घटना आदिले बनेको परिस्थिति, सेरोफेरो, परिस्थिति | १०२ | २ |
| शरीर | नाम | मूल शब्द | अङ्ग प्रत्यङ्ग मिलेर बनेको प्राणीको आकृति,देह,कुनै वस्तुको बाहिरी आकार प्रकार, कलेवर | १०२ | |
| आशा | नाम | मूल शब्द | मनमा उब्जने चाहना , धोको, इच्छा, अभिलाषा | १०२ | |
| सम्पूर्ण | विशेषण | सम्+पूर्ण | सबै, भएभरको, जम्मा, सारा, पूर्ण | १०२ | ४ |
| समर्पण | नाम | सम्+अर्पण | कसैलाई कुनै वस्तु सम्मानपूर्वक दिने काम | १०२ | |

| | | | | | |
|---|---|---|---|---|---|
| आस्था | नाम | मूल शब्द | ईश्वरप्रति विश्वास, भरोसा तथा श्रद्धा, कुनै व्यक्ति वा विचारप्रति हृदयदेखि हुने विश्वास, सम्मानको भाव, निष्ठा | १०३ | ३ |
| सद्भावना | नाम | सद्+भावना | असल भावना, मित्रता, हार्दिकता | १०३ | |
| श्रद्धा | नाम | श्रत्+धा | देवी देवता वा मान्यजनप्रति आस्था, निष्ठा तथा भक्ति, सम्मान | १०३ | |
| करुणा | नाम | करुण+आ | दुःखी वा असहायलाई देख्दा हुने अनुभूति, दया, संवेदना | १०३ | |
| सम्बन्ध | नाम | सम्+बन्ध | कुनै वस्तुलाई अर्को वस्तुसँग जोड्ने काम, योग, संयोग, संलग्नता | १०३ | |
| चन्द्र | नाम | मूल शब्द | चन्द्रमा | १०३ | |
| सूर्य | नाम | मूल शब्द | दिनको समयमा आकाशमा देखिने पृथ्वीमा ताप र प्रकाश दिने अत्यन्त चम्किलो रापिलो र तापिलो विशाल ग्रह, पृथ्वीमा रात र दिन छुट्याउने ग्रह | १०३ | |
| ईर्ष्या | नाम | मूल शब्द | अर्काको प्रगति देखेर मनमा उब्जने ईख, डाह | १०३ | |
| दुर्भाग्य | नाम | दुर्+भाग्य | खराब भाग्य, अभाग, प्रतिकूल परिस्थिति | १०३ | |
| क्रोध | नाम | क्रुध् | आफुलाई चित्त नबुझेको कार्य हुँदा वा कुनै कार्यबाट आफुलाई हानि हुने सम्झदा मनमा उब्जने आवेग, रिस, रोष, झोक | १०३ | |
| असन्तोष | नाम | अ+सन्तोष | सन्तोष नहुँदाको स्थिति, असन्तुष्टता, | १०३ | २ |

| | | | | |
|---|---|---|---|---|
| | | | मनमुटाब | |
| रूप | नाम | मूल शब्द | कुनै वस्तु, व्यक्ति आदिको बाहिरी स्वरूप, आकार, आकृति | १०३ |
| मौनता | नाम | मौन+ता | मौन हुँदाको अवस्था, सुनसान, शान्ति, नबोली बसेको स्थिति | १०३ |
| व्याप्त | विशेषण | वि+आप्+त | फैलिएको, फिँजिएको, सबैतिर ढाकिएको, भरिपूर्ण, विस्तृत | १०३ |
| उल्लास | नाम | उत्+लास | हर्ष, आनन्द, खुसियाली | १०३ |
| उमङ्ग | नाम | मूल शब्द | कामा लाग्दाको जोस, उत्साह, फुर्ती | १०३ |
| परिवर्तन | नाम | परि+वृत्+अन | कुनै वस्तु, घटना, विषय आदिको स्वरुप, रूपान्तरण | १०३ |
| वेदना | नाम | विद्+अन+आ | मनमा छुने पीडा, मनोव्यथा, पीडाको अनुभव | १०३ |
| सत्य | विशेषण | मूल शब्द | जस्तो छ त्यस्तो, साँचो, यथार्थ, वास्तविक | १०३ |
| न्याय | नाम | मूल शब्द | मुद्दा मामिलामा पक्ष र विपक्षका कुरा सुनेपछि दिइने सही निर्णय, फैसला, निसाफ, विधिविधान, नीति, | १०३ |
| आत्मा | नाम | मूल शब्द | शररिलाई जीवित राख्ने विश्वास गरिएको अदृश्य मूल तत्व,सारतत्व, | १०३ |
| अन्तर | विशेषण | मूल शब्द | भित्रको, भित्री भन्ने अर्थमा | १०३ |
| क्षमा | नाम | क्षम्+आ | अपराधीलाई दिइने माफी, दोषीलाई बदला नलिई दिने मुक्ति, माफ, सहनशीलता | १०४ |
| धर्म | नाम | मूल शब्द | मानिसहरुले मानिआएको परम्परागत विश्वास,सदाचार,नीति | १०४ |

| | | | | |
|---|---|---|---|---|
| स्वार्थ | नाम | स्व+अर्थ | आफ्नो हित, भित्री नियतता | १०४ |
| मृगतृष्णा | नाम | मृग+तृष्णा | गर्मीको बेलामा बालुवामा पानीको भ्रम, वालुवा टल्कँदा पानी जस्तो देखिने दृश्य | १०४ |
| व्यवहार | नाम | वि+अव+हार | आचरण, चालचलन, लेनदेन | १०४ |
| दोष | नाम | दुष् | कुनै वस्तु, व्यक्ति आदिमा हुने कमी,कमजोरी,दुर्गुण,अभियोग, कसुर | १०४ |
| दोषी | विशेषण | दोष्+ई | दोष भएको, दाग लागेको | १०४ |
| हस्तक्षेप | नाम | हस्त+क्षेप | कसैको कार्यमा गरिने अवरोध, बाधा | १०४ |
| मुक्ति | नाम | मुच्+ति | सङ्कट, समस्या आदिबाट छुटकारा, स्वतन्त्रता, जन्म मरण आदिबाट छुटकारा, मोक्ष | १०४ |
| भावावेश | नाम | भाव+आवेश | प्राणीका मनमा भएका शोक, भय,क्रोध, हर्ष आदिको आवेश वा आवेग, भावको प्रवलता | १०४ |
| अविरल | क्रियायोगी | अ+विरल | लगातार, निरन्तर, अटुट रूपमा | १०४ |
| रङ्गमञ्च | नाम | रङ्ग+मञ्च | नाट्यशाला, रङ्गशाला | १०४ |
| स्पन्दन | नाम | स्पन्द+अन | हल्लने काम, कम्पन, कम्पाइ, स्फुरण, चाल, ढुकढुकी | १०४ |
| शान्त | विशेषण | शम्+त | शान्ति भएको,सुनसान, हल्ला नभएको, मौन,एकाग्र,स्थिर, रिसराग नभएको,सौम्य,सुशील, साम्य | १०४ |
| आक्रोश | नाम | आ+क्रोश | रिसले कठोर शब्दमा गरिने गाली, क्रोध र निन्दापूर्ण गाली, सराप, | १०४ |
| उत्साह | नाम | उत्+सह | कुनै कार्यका निम्ति मनमा उब्जने, जोस, जाँगर | १०५ |

| | | | | |
|---|---|---|---|---|
| निद्रा | नाम | मूल शब्द | थकाइ वा अल्छीपनले आँखा लट्ठ भई शरीर तथा मन जागरुक नभएको अवस्था, निदाएको स्थिति | १०५ |

'मातृत्व' कथामा २७७८ ओटा शब्द प्रयोग भएका छन् । ती शब्दहरूमध्ये १५२ ओटा (५.४७%) तत्सम शब्द रहेका छन् । यस कथामा प्रयोग भएका तत्सम शब्दको वर्ग, संख्या र प्रतिशत निम्नबमोजिम रहेको पाइयो ।

**तालिका नं.- ४.१**

| शब्दवर्ग | संख्या | प्रतिशत | शब्दवर्ग | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| नाम | १११ | ७३.०३ | विशेषण | ३७ | २४.३४ |
| क्रियायोगी | ३ | १.९७ | निपात | १ | ०.६६ |

यस कथामा आवृत्ति भएका तत्सम शब्द निम्नबमोजिम रहेको पाइयो ।

**तालिका नं.- ४.२**

| शब्द | आवृत्ति | शब्द | आवृत्ति |
|---|---|---|---|
| प्रश्न | ८ | शङ्का | ४ |
| विश्वास | ६ | माया | ३१ |
| अत्यन्त | ३ | अनुभव | ३ |
| सुरक्षा | ३ | आकाश | २ |
| मानसिक | २ | सुख | ३ |
| व्यथा | २ | पीडा | २ |
| ममता | १० | भावना | २ |
| देवता | २ | विचार | २ |
| पक्ष | २ | समाज | ३ |
| परम्परा | ३ | विधवा | २ |
| अपराध | ४ | स्वभाव | २ |

| | | | |
|---|---|---|---|
| स्वर | ३ | जीवन | ९ |
| मात्र | ३ | पति | २ |
| शब्द | २ | व्यक्त | २ |
| उदास | ३ | अधिकार | २ |
| घृणा | २ | आदेश | २ |
| भयङ्कर | २ | वातावरण | २ |
| सम्पूर्ण | ४ | आस्था | ३ |
| असन्तोष | २ | | |

**निष्कर्ष**मा यस शोधकार्यअन्तर्गत 'मातृत्व' कथामा प्रयोग भएका १५२ ओटा तत्सम शब्दको अध्ययन गरी नतिजाबाट प्राप्त तथ्य शाब्दिकरूपमा र तथ्याङ्क संख्यात्मकरूपमा प्रस्तुत गरिएको छ ।

**छलफल/व्याख्याः**

यस शोधकार्यको परिणामबाट 'मातृत्व' कथामा प्रयोग भएका १५२ ओटा तत्सम शब्दको अध्ययन गर्दा नाम वर्गमा १११ ओटा (७३.०३%), विशेषण ३७ (२४.३४%), क्रियायोगी ३ (१.९७%) र निपात १ (०.६६%), रहेको पाइयो । यसरी हेर्दा 'नाम' शब्द सबैभन्दा बढी र त्यस पछि 'विशेषण' शब्द प्रयोग भएको पाइयो भने अन्य शब्द न्युनमात्रामा प्रयोग भएको पाईएको छ । यस कथामा प्रयोग भएका तत्सम शब्दहरूमध्ये ३७ ओटा तत्सम शब्द आवृत्ति भएका छन् । ती शब्द मध्ये 'माया' शब्द सबैभन्दा बढी ३१ पटक आवृति भएको पाईएको छ ।

**निष्कर्ष**मा छलफल तथा व्याख्याबाट आएको नतिजा अनुसार नाम र विशेषण शब्द बढी प्रयोग भएको र 'माया' शब्द बढी आवृत्ति भएको व्याख्या र विश्लेषण गरिन्छ ।

## ४.१.५ कक्षा १२ को नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट 'गोर्खे' कथामा प्रयोग भएका तत्सम शब्द-

'गोर्खे' कथाका कथाकार ग्रामीण तथा सहरीया सामाजिक परिवेश तथा वातावरणको यथार्थ चित्रण गर्ने सामाजिक यथार्थवादी कथाकार बखत बहादुर थापाको जन्म वि.सं. २०२२ मा भएको हो । उनका कथा सङग्रहहरू 'आघात' (२०६२), 'कम्प्युटर आतङ्क' (२०६९) प्रकाशित छन् ।

यस कथामा प्रयोग भएका तत्सम शब्दको वर्ग, व्युत्पति, अर्थ र आवृत्तिलाई निम्नबमोजिम प्रस्तुत गरिएको छ -

**तालिका नं.- ५**

| शब्द | वर्ग | व्युत्पति | अर्थ | पृष्ठ | आवृत्ति |
|---|---|---|---|---|---|
| प्रविधिज्ञ | नाम | प्रविधि+ज्ञ | प्राविधिज्ञ | ११३ | |
| नामक | विशेषण | नाम+क | नाम भएको , नामधारी | ११३ | २ |
| सङ्केत | नाम | सम्+कित् | कुनै वस्तु, विचार आदिलाई जनाउने चिन्ह, सूचक, कोड | ११३ | ४ |
| विकराल | विशेषण | वि+कराल | डरलाग्दो, भयानक, ज्यादै ठूलो, विशाल, | ११३ | |
| देह | नाम | मूल शब्द | जीवन, चोला, मानिस वा प्राणीको शरीर, जिउ | ११३ | |
| भावभङ्गी | नाम | भाव+भङ्ग+ई | भावभङ्गिमा | ११३ | |
| विलक्षण | विशेषण | वि+लक्षण | सामान्य भन्दा फरक किसिमको, असाधारण, अनौठो, असामान्य | ११३ | |
| क्रीडा | नाम | क्रीड्+आ | खेल, आमोदप्रमोद, मनोरञ्जन | ११३ | |
| परीक्षण | नाम | परि+ईक्षण | कुनै वस्तु, व्यक्ति, कार्य आदिको जाँच, जाँचपडताल | ११४ | |

| | | | | | |
|---|---|---|---|---|---|
| आश्चर्य | नाम | मूल शब्द | कुनै नयाँ,अनौठो कुरा देख्दा लाग्ने अचम्म, उदेक, छक्क, विस्मय | ११४ | |
| अक्षता | नाम | अ+क्षत+आ | पूजामा देवीदेवतालाई चढाउन भिजाइएको रङ्गीन वा सादा चामल, देवताको प्रसादका रूपमा लगाइने चामलको टीका, धामीले जोखाना हेर्दा वा फुकफाक गर्दा प्रयोग गर्ने, नकुड्किएको फुको चामल | ११४ | |
| मन्त्र | नाम | मन्+त्र | जप्दा असाधारण शक्ति वा सिद्धि प्राप्त हुने ठानिएको शब्द, पदावली वा वाक्य आदि, वेदको ऋचा, भित्री रहस्य | ११४ | |
| सङ्क्रमण | नाम | सम्+क्रम+अन | कुनै वस्तु एक ठाउँबाट अर्कोठाउँ सर्ने वा फैलने काम, अन्तराल | ११४ | २ |
| मात्रा | नाम | मूल शब्द | कुनै वस्तुको परिमाण, नाप | ११४ | |
| नाम | नाम | मूल शब्द | कुनै व्यक्ति, स्थान आदिलाई चिनाउने शब्द, नाउँ, संज्ञा | ११५ | ३ |
| सान्त्वना | नाम | सान्त्व+ना | कसैलाई शोक पर्दा वा कुनै हानि हुँदा सम्झाउने तथा बुझाउने काम, आश्वासन | ११५ | |
| पीडा | नाम | पीड्+आ | शरीरमा प्रहार तथा आघात पर्दा हुने दर्द, वेदना, कष्ट | ११५ | २ |
| अनावश्यक | विशेषण | अन्+आवश्यक | आवश्यक नभएको, नचाहिने | ११५ | |
| व्यस्त | विशेषण | वि+अस्त | कुनै कार्य वा गतिविधिमा एकाग्र | ११५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | भएर लागेको, कामले फुर्सद नपाएको | | |
| कुकर्मी | नाम | कुकर्म+ई | खराब काम गर्ने, अपराधी, हिंसा तथा हत्या गर्ने, पापी | ११५ | |
| मात्र | निपात | मूल शब्द | खाली, केवल, एक्लै भन्ने आशयमा प्रयोगमा आउने शब्द | ११५ | |
| विस्फोट | नाम | वि+स्फुट | ठूलो आवाज आउने गरी फुट्ने वा पड्काउने काम | ११५ | |
| जन्मदाता | विशेषण | जन्म+दाता | जन्म दिने,जन्माउने,बाबु,पिता, जनक | ११५ | |
| दुरुपयोग | नाम | दुर्+उपयोग | कुनै वस्तु, धनमाल, नियम, अधिकार, विचार, ज्ञान आदिलाई गलत क्षेत्र वा कार्यमा उपयोग, अनुचित प्रयोग, जथाभावी गरिने खर्च, हिनामिना,हानि नोक्सानी | ११५ | |
| सहयोग | नाम | सह+योग | कसैलाई गरिने मद्दत, सघाउने काम, सहायता | ११६ | |
| स्वर | नाम | मूल शब्द | व्यक्त वा अव्यक्त आबाज, उच्चारण अवमेवमा बाधा नपरी उच्चारण हुने वर्ण, गीत, सङ्गीत आदिको सुर, धुन | ११६ | |

'गोर्खे' कथामा १०१८ ओटा शब्द प्रयोग भएका छन् । ती शब्दहरूमध्ये २६ ओटा (२.५५%) तत्सम शब्द रहेका छन् । यस कथामा प्रयोग भएका तत्सम शब्दको वर्ग, संख्या र प्रतिशत निम्नबमोजिम रहेको पाइयो ।

**तालिका नं.- ५.१**

| शब्दवर्ग | संख्या | प्रतिशत | शब्दवर्ग | संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| नाम | १९ | ७३.०८ | विशेषण | ६ | २३.०८ |
| निपात | १ | ३.८४ | | | |

यस कथामा आवृत्ति भएका तत्सम शब्द निम्नबमोजिम रहेको पाइयो ।

**तालिका नं.- ५.२**

| शब्द | आवृत्ति | शब्द | आवृत्ति |
|---|---|---|---|
| नामक | २ | सङ्केत | ४ |
| सङ्क्रमण | २ | नाम | ३ |
| पीडा | २ | | |

**निष्कर्ष**मा यस शोधकार्यअन्तर्गत 'गोर्खे' कथामा प्रयोग भएका २६ ओटा तत्सम शब्दको अध्ययनबाट प्राप्त तथ्य शाब्दिकरूपमा र तथ्याङ्क संख्यात्मकरूपमा प्रस्तुत गरिएको छ ।

**छलफल/व्याख्याः**

यस शोधकार्यको परिणामबाट 'गोर्खे' कथामा प्रयोग भएका २६ ओटा तत्सम शब्दको अध्ययन गर्दा नाम वर्गमा १९ ओटा (७३.०८%), विशेषण ६(२३.०८%) र निपात १(३.८४%), रहेको पाइयो । यसरी हेर्दा 'नाम' शब्द सबैभन्दा बढी र त्यस पछि 'विशेषण' शब्द प्रयोग भएको पाइयो भने अन्य शब्द न्युनमात्रामा प्रयोग भएको पाईएको छ । यस कथामा प्रयोग भएका तत्सम शब्दहरूमध्ये ५ ओटा तत्सम शब्द आवृत्ति भएका छन् । ती शब्दमध्ये 'सङ्केत' शब्द सबैभन्दा बढी ४ पटक आवृति भएको पाईएको छ ।

**निष्कर्ष**मा छलफल तथा व्याख्याबाट आएको नतिजा अनुसार नाम र विशेषण शब्द बढी प्रयोग भएको र 'सङ्केत' शब्द बढी आवृत्ति भएको व्याख्या र विश्लेषण गरिन्छ ।

# अध्याय पाँच

# निष्कर्ष, सुझाव तथा उपयोगिता

## ५.१ निष्कर्ष

प्रस्तुत शोधकार्यमा **माध्यमिक तहको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन** शीर्षकअन्तर्गत कक्षा ११ र १२ का नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा प्रयोग भएका तत्सम शब्दको खोजी गरी व्याख्या विश्लेषणबाट प्राप्त सारभूत कुरा बुँदागत रूपमा निम्नबमोजिम प्रस्तुत गरिन्छ -

- कक्षा ११ को नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट दुईवटा कथा र १२ को नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट तीनवटा कथा रहेका छन् । उक्त कथालाई अध्ययन गर्दा गाउँको माया कथामा ११९६ ओटा शब्द, त्यो फेरि फर्कला ? कथामा २३६४ ओटा शब्द, विरहिणी दमयन्ती कथामा २०३४ ओटा शब्द, मातृत्व कथामा २७७८ ओटा शब्द र गोर्खे कथामा १०१८ ओटा शब्द प्रयोग भएका छन् ।
- उक्त कथामा प्रयोग भएका शब्दहरूमध्ये गाउँको माया कथामा ४१ ओटा, त्यो फेरि फर्कला ? कथामा १६५ ओटा, विरहिणी दमयन्ती कथामा १३४ ओटा, मातृत्व कथामा १५२ ओटा र गोर्खे कथामा २६ ओटा तत्सम शब्द पहिचान गरी व्याख्या र विश्लेषण गरिएको छ ।
- उक्त कथा विधामा प्रयोग भएका शब्दहरूमध्ये तत्सम शब्द न्युनमात्रामा प्रयोग भएको पाइन्छ । प्रयोग भएका तत्सम शब्दमध्ये त्यो फेरि फर्कला ? कथामा बढी र गोर्खे कथामा न्युन पाइन्छ ।
- शब्दको बनोट व्युत्पादनका आधारमा मूल शब्द र व्युत्पन्न शब्द गरी छुट्याईएको छ ।
- तत्सम शब्दको व्युत्पति हुने शब्दलाई व्युत्पादन गरिएको छ र व्युत्पति नहुने मूल शब्दलाई जस्ताको तस्तै राखिएको छ ।
- तत्सम शब्दको वर्ग अन्तर्गत नाम, विशेषण र अव्यय (क्रियायोगी, नामयोगी र निपात) का आधारमा छुट्याईएको छ ।
- तत्सम शब्दको अर्थ र तात्पर्यलाई प्रष्ट पारिएको छ ।

- उक्त कथा विधाभित्रका तत्सम शब्द कुन पाठका हुन र कति पृष्ठका हुन भनेर पाठगत रूपमा पृष्ठ छुट्याएर राखिएको छ ।
- तत्सम शब्दको आवृत्ति छुट्याईएको छ ।
- तत्सम शब्दको वर्ग, व्युत्पति र आवृत्तिका आधारमा विश्लेषण गरिएको छ ।
- उक्त कथामा प्रयोग भएका ५१८ ओटा तत्सम शब्दको विश्लेषणबाट नाम वर्गमा ३३४ ओटा (६४.४८%), विशेषण १६३ (३१.४७%), क्रियायोगी १३ (२.५१%), नामयोगी ३ ( ०.५८%) र निपात ५ (०.९६%) रहेको छ ।
- उक्त कथामा आवृत्ति हुने तत्सम शब्दहरूमा गाउँको माया कथामा ६ ओटा आवृत्ति शब्दमध्ये सबैभन्दा बढी 'स्वर' शब्द ४ पटक आवृत्ति भएको, त्यो फेरि फर्कला ? कथामा ५० ओटा आवृत्ति शब्दमध्ये सबैभन्दा बढी 'यात्री' शब्द २० पटक आवृत्ति भएको, विरहिणी दमयन्ती कथामा ३४ ओटा आवृत्ति शब्दमध्ये सबैभन्दा बढी 'नारी' शब्द १२ पटक आवृत्ति भएको, मातृत्व कथामा ३७ ओटा आवृत्ति शब्दमध्ये सबैभन्दा बढी 'माया' शब्द ३१ पटक आवृत्ति भएको र गोर्खे कथामा ५ ओटा आवृत्ति शब्दमध्ये सबैभन्दा बढी 'सङ्केत' शब्द ४ पटक आवृत्ति भएको पाईएको छ ।
- कक्षा ११ र १२ का नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा प्रयोग भएका तत्सम शब्दको पदवर्ग भित्र नाम शब्द सबैभन्दा बढी र त्यसपछि विशेषण प्रयोग भएको र अन्य शब्द न्युनमात्रामा प्रयोग भएको पाईएको छ ।

## ५.२ सुझाव

यस शोधकार्यमा **माध्यमिक तहको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन** शीर्षकअन्तर्गत कक्षा ११ र १२ का नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा प्रयोग भएका तत्सम शब्दको अध्ययन विश्लेषणबाट निकालिएका निष्कर्षका आधारमा निम्नबमोजिम सुझावहरू प्रस्तुत गरिएको छ -

- कक्षा ११ र १२ को नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा प्रयोग भएका तत्सम शब्द जटिल नभएर सरल तथा व्यावहारिक हुनु पर्दछ ।

- कथामा राखिने तत्सम शब्द विद्यार्थीको स्तर र क्षमताअनुसार सरलबाट जटिलको क्रममा राख्नुपर्ने हुन्छ ।
- विद्यार्थीको स्तरअनुसार भाषिक सिपलाई अभिबृद्धि गर्ने खालका तत्सम शब्द कथामा समाविष्ट हुनु पर्दछ ।
- नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा प्रयुक्त कठिन तत्सम शब्दलाई शब्दार्थ स्तम्भमा राखिनु पर्ने हुन्छ ।
- व्यावहारिक जीवनमा उपयोग हुने गरी कथा विधामा तत्सम शब्दको प्रयोग बढाइनु पर्दछ ।
- शिक्षकले शिक्षण सिकाइको क्रममा विद्यार्थीलाई दिने परियोजना कार्यमा तत्सम शब्दको अध्ययनलाई जोड दिनु पर्दछ ।
- विद्यार्थीवर्गले भाषा सिकाइमा तत्सम शब्दको अभ्यासलाई निरन्तरता दिनु पर्दछ ।
- पाठ्यपुस्तक लेखक तथा सम्पादक वर्गले पाठ्यपुस्तकमा शीर्षक तथा पाठकको स्तर अनुसार तत्सम शब्द चयन गरी संयोजन र सङ्गठन गर्नुपर्दछ ।
- पाठ्यक्रमविद्ले पाठ्यक्रम निर्माण गर्दा तह र स्तरीकृतरूपमा तत्सम शब्दको चयन गरी समावेश गर्नु पर्दछ ।
- अनुसन्धानकर्ताले भाषिक शब्द सम्बन्धी अध्ययन गर्ने क्रममा तत्सम शब्दको अध्ययनलाई मुख्य प्राथमिकता दिनु पर्दछ ।
- समालोचकले आफ्नो समालोचनामा तत्सम शब्दको समुचित प्रयोग गर्नु पर्दछ ।
- तत्सम शब्दको अध्ययनलाई व्यावहारिक बनाउने खालका नीति निर्माण बनाइनु पर्दछ ।

## ५.३ उपयोगिता

तत्सम शब्दको अध्ययन अनुसन्धान नवीन विषयका रूपमा रहेको छ । तसर्थ यस्ता विषयको अध्ययन अनुसन्धानले व्यापक क्षेत्र ओगटेको छ । यस शोधकार्यमा **माध्यमिक तहको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन** शीर्षकअन्तर्गत कक्षा ११ र १२ का नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा

प्रयोग भएका तत्सम शब्दको अध्ययन विश्लेषणबाट आएका निष्कर्षहरू नीतिगत र कार्यान्वयन तहमा उपयोगी हुन सक्नेछन् ।

### ५.३.१ नीतिगत तह

यस शोधकार्यबाट प्राप्त निष्कर्षका आधारमा नीतिगत तहमा औचित्यपूर्ण भूमिका रहनेछ । तसर्थ नीतिगत तहकालागि यो शोधकार्य निम्नबमोजिम उपयोगी हुन सक्दछ-

- यस अध्ययनबाट भएको विश्लेषणले भाषा नीति निर्माणमा परिवर्तित समयानुकूल नीति निर्माण गर्न सहयोगी बन्न सक्नेछ ।
- पाठ्यक्रम निर्माताबाट निर्माण हुने पाठ्यक्रममा समयसापेक्ष तुलनात्मक रूपमा तत्सम शब्दको अध्ययनबाट आएका निष्कर्ष उपयोगमा आउनेछन् ।
- पाठ्यपुस्तक निर्माण तथा परिमार्जनमा यस अध्ययनको निचोड तत्सम शब्द छनोट, संयोजन र सङ्गठन गर्न सहयोगी सावित हुनेछ ।
- शब्दकोष निर्माण तथा परिमार्जनमा यस अध्ययन कार्यबाट गरिएको निचोडले व्यावहारिक रूपमा तत्सम शब्दको वर्ग, व्युत्पति र अर्थ समाविष्ट गर्न सहयोगी बन्न सक्दछ ।
- शैक्षिक व्याकरण निर्माणमा तहगत तथा स्तर अनुकूल व्यावहारिक रूपमा शब्द चयन गरी समायोजन तथा सङ्गठन गर्न यो अध्ययनको निष्कर्ष सहयोगी हुनेछ ।
- यो अध्ययनको निष्कर्ष विभिन्न सैद्धान्तिक पक्षमा कार्यरत सङ्घसंस्था तथा व्यक्तिहरूलाई तत्सम शब्द सम्बन्धी नीतिगतकार्यमा सहयोगी सारथी बन्न सक्दछ ।

### ५.३.२ कार्यान्वयन तह

यस शोधकार्यबाट प्राप्त निष्कर्षका आधारमा कार्यान्वयन तहमा महत्वपूर्ण भूमिका रहनेछ । तसर्थ कार्यान्वयन तहका लागि यो शोधकार्य निम्नबमोजिम उपयोगी हुन सक्दछ -

- तत्सम शब्द सम्बन्धी नीतिगत कार्यमा पुनरावलोकन गर्न ।
- पाठ्यक्रममा तत्सम शब्दको प्रयोग बढाउन ।

- पाठ्यपुस्तक निर्माण तथा परिमार्जनमा समाविष्ट तत्सम शब्द छनोट, संयोजन र सङ्गठनलाई पुनरावलोकन गर्न ।
- शब्दकोष निर्माण तथा परिमार्जनमा तत्सम शब्दको वर्ग, व्युत्पति र अर्थ समाविष्ट गर्न ।
- शैक्षिक व्याकरण निर्माणमा तहगत तथा स्तर अनुकूल व्यावहारिक रूपमा शब्द चयन गरी समायोजन गर्न ।

### ५.३.३ आगामी अनुसन्धानका लागि शीर्षक

यस शोधकार्यले समेट्न नसकेका यससँग सम्बन्धित अन्य धेरै समस्या खट्केका छन् । ती समस्यालाई भावी पुस्ताले अध्ययन अनुसन्धान गर्ने अपेक्षा गरिएको छ । तत्सम शब्द सम्बन्धी शोध अध्ययनका लागि धेरै शीर्षक हुन सक्छन् । ती मध्ये केही शीर्षकलाई निम्नबमोजिम प्रस्तुत गरिएको छ :

(१) कथा विधामा प्रयुक्त तत्सम शब्दको भाषिक सिकाइमा प्रभावकारिताको अध्ययन,

(२) कथा विधामा प्रयुक्त तत्सम र तद्भव शब्दको तुलनात्मक अध्ययन,

(३) कथा विधामा प्रयुक्त व्युत्पन्न शब्दको अध्ययन,

## सन्दर्भसूची


ज्ञवाली, रामप्रसाद, गणेशप्रसाद भट्टराई र टङ्कराज आचार्य (२०६७), **नेपाली गद्य, भाषा र साहित्य**, काठमाडौं : भुँडीपुराण प्रकाशन ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०६८), **नेपाली कथा र उपन्यास,** काठमाडौं : एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

ढकाल, शान्तिप्रसाद र अन्य (२०७४), **अनिवार्य नेपाली स्नातक प्रथम वर्ष**, काठमाडौँ: पिनाकल पब्लिकेशन प्रा.लि. ।

अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई (२०७४), **प्रयोगात्मक नेपाली शब्दकोष,** काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि.।

अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई (२०६१), **प्रयोगात्मक नेपाली शब्दकोष,** काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि.।

भट्टराई 'विलिन', रामप्रसाद र अन्य (२०६३), **प्रयोगात्मक नेपाली व्याकरण बोध र रचना,** काठमाडौं : निरन्तर प्रकाशन ।

भट्टराई, डी.पी. र डिल्लीराम ढुङ्गेल (२०७४), **माध्यमिक नेपाली व्याकरण र अभिव्यक्ति,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

**कक्षा ११ नेपाली** (२०७७), भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

**कक्षा १२ नेपाली** (२०७८), भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

गैरे, शंकरप्रसाद (२०६९), **सामान्य भाषा विज्ञान,** काठमाडौं : बृहस्पति पुस्तक प्रकाशन ।

खनाल, पेशल (२०७६), **शैक्षिक अनुसन्धान पद्धति,** काठमाडौं : सनलाइट पब्लिकेशन ।

शर्म्मा नेपाल, वसन्तकुमार (२०५८), **नेपाली शब्दसागर,** काठमाडौं : भाभा पुस्तक भण्डार ।

**अप्रकाशित शोधपत्रहरू**

बस्नेत, नारायण (२०७१), **स्नातक तहको नेपालीको कथा विधामा प्रयुक्त तत्सम शब्द,** त्रि.वि.: अप्रकाशित स्नातकोत्तर शोधपत्र ।

दाहाल, शान्ता (२०६७), **कक्षा ११ को सबैको नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन**, त्रि.वि.: अप्रकाशित स्नातकोत्तर शोधपत्र ।

लिम्बू, शीला (२०७३), **एमएड प्रथम वर्षको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन,** त्रि.वि.: अप्रकाशित स्नातकोत्तर शोधपत्र ।

कार्की, प्रदीप (२०७०), **कक्षा दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट निबन्ध र कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन**, त्रि.वि. : अप्रकाशित स्नातकोत्तर शोधपत्र ।

खड्का, गोमाकुमारी (२०६७), **कक्षा ११ को सबैको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन**, त्रि.वि.: अप्रकाशित स्नातकोत्तर शोधपत्र ।

## परिशिष्ट-१

## शोधार्थीको व्यक्तिगत विवरण(बायोडाटा)



| | |
|---|---|
| नाम | : इन्दिरा घिमिरे |
| जन्म मिति | : २०३१/१०/०५ |
| बाबुको नाम | : ढुण्डीराज घिमिरे |
| आमाको नाम | : सरस्वती घिमिरे |
| लिङ्ग | : महिला |
| धर्म | : हिन्दु |
| राष्ट्रियता | : नेपाली |
| स्थायी ठेगाना | : रानीवास- ६, भोजपुर (हतुवागढी- २, भोजपुर) |
| अस्थायी ठेगाना | : हतुवागढी- ८, भोजपुर |
| सम्पर्क नं. | : ९८६२२९१२८५ |
| इमेल | : indiraneupane31@gmail.com |
| क्याम्पस | : जनता बहुमुखी क्याम्पस, इटहरी ५, सुनसरी |
| तह | : स्नातकोत्तर तह (एम.एड.) |
| विषय | : नेपाली |
| क्याम्पस क्रमाङ्क र शैक्षिक वर्ष- | : १३६ (२०७३/०७४) |
| त्रि.वि. दर्ता नं. | : ९-१-२१४-९१-२००६ |
| दोस्रो वर्षको परीक्षा क्रमाङ्क (वर्ष) | : २१८००१५ (२०७४) |